# भूमि तथा कृषि अधिकार आन्दोलन

## मर्यादित र आत्मनिर्भर जीवन



# रणनीतिक योजना

साउन २०७१-असार २०७६

CSRC
आत्मनिर्भर केन्द्र

सर्वाधिकार ©ः सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशन मिति : साउन २०७१

प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

पो.ब.नं. १९७९०, भूमिघर, धापासी, काठमाडौं, नेपाल

फोन : ९७७-१-४३६०४८६/४३५७००५

फ्याक्स : ९७७-१-४३५७०३३

Email: landrights@csrcnepal.org

URL: www.csrcnepal.org

आवरण तस्बिर

**किरण पाण्डे**

डिजाइन

**बिक्रम चन्द्र मजुमदार**

bmajumdar33@gmail.com

# भूमि तथा कृषि अधिकार आन्दोलन
## मर्यादित र आत्मनिर्भर जीवन

# रणनीतिक योजना
साउन २०७१-असार २०७६

CSRC
आत्मनिर्भर केन्द्र

साउन २०७१

# प्राक्कथन

आत्मनिर्भर केन्द्रको यो रणनीतिक योजना साउन २०७१ बाट सुरु भई असार २०७६ (जुलाइ २०१४-जुन २०१९) सम्म लागु हुनेछ। रणनीतिक योजना जीवन्त दस्तावेज भएकाले समीक्षा गरी आवश्यक परे समय सान्दर्भिक बनाइनेछ।

नेपाल यतिखेर राज्य पुनर्संरचनाको जटिल प्रक्रियामा छ जसमा विद्यमान आर्थिक, सामाजिक तथा राजनीतिक संरचनामा रूपान्तरणमुखी परिवर्तनको अपेक्षा गरिएको छ। यस प्रक्रियामा भूमि तथा कृषि सुधार एउटा महत्वपूर्ण सवाल रहिआएको छ। यसलाई सल्टाउँदा भूमिहीन, जोताहा र साना किसानले अपेक्षित न्याय पाइ दुःख र गरिबीबाट छुटकारा दिने महत्वपूर्ण आधार बन्छ।

आत्मनिर्भर केन्द्रको प्रयास भूमि अधिकारबाट वञ्चितहरूमा परिवर्तनका लागि आवश्यक शक्ति निर्माण गर्ने कार्यमा केन्द्रित छ। उनीहरूका हितमा नीति, कानुन तथा संरचना तर्जुमा गर्न वकालत एवम् सोको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा पनि स्थानीयदेखि राष्ट्रिय स्तरसम्म गहिरो संलग्नता रहिआएको छ।

आगामी ५ वर्षभित्र भूमि अधिकारबाट वञ्चितहरूको जीवनमा उल्लेखनीय परिवर्तन हुनेछ भन्नेमा आत्मनिर्भर केन्द्र विश्वस्त छ। यसतर्फको हाम्रा हरेक कदम संस्थागत मूल्य र मान्यताहरूबाट निर्देशित हुनेछन्। आत्मनिर्भर केन्द्र बहुलता एवम् सबै जाति/जनजाति एवम् धार्मिक, सांस्कृतिक समूहहरूको संलग्नतालाई आत्मसात गर्दै उही तवरले सम्मान गर्छ। यसैले सबै प्रकारका सामाजिक तथा सांस्कृतिक अवस्थाका मानिसलाई भूमि अधिकार आन्दोलनको निर्णय प्रक्रियामा सामेल गराउनु नै आन्दोलनको केन्द्रीय विषयवस्तु हो। र, यही नै आन्दोलन सफलताको आधार पनि। हामी अहिंसात्मक तवरले विरोध प्रदर्शन तथा विचार सम्प्रेषण गर्ने र लोकतान्त्रिक अभ्यासका आधारभूत मान्यता परिपालन गर्ने विषयमा प्रतिबद्ध छौँ।

यो रणनीतिक योजनाले संस्थाको उद्देश्य प्राप्तिका खातिर आवधिक कामलाई निश्चित विषयमा केन्द्रित भई नतिजामुखी बनाउन आधार दिनेछ। भूमि तथा कृषि अधिकार आन्दोलनका क्रममा कस्तो रणनीति लिने, परिवर्तनको कुन सिद्धान्त अपनाउने आदि विषयमा पनि यसले स्पष्ट गरेको छ। साथै यसले समुदायदेखि नीतिगत तहमा सञ्चालन गरिने कार्यक्रम तथा अभियानहरूको स्रोत तर्जुमा, अनुमान, प्राप्ति एवम् परिचालनको आधार तय गर्नेछ।

आत्मनिर्भर केन्द्रले भूमिहीन तथा साना किसानका इच्छा आकाङ्क्षाहरूद्वारा अभिप्रेरित यो रणनीतिक योजना तयार गर्दा विभिन्न चरणमा समुदायस्तरका भूमिहीन तथा साना किसानका घरदैलो र समूहमा गई छलफल गरेको छ। यसका अलावा नागरिक समाजका सहयात्रीसँग निरन्तर छलफल एवम् परामर्शबाट रचनात्मक सुझावहरू सङ्कलन गरी समावेश गरिएको छ। यस्तै आत्मनिर्भर केन्द्रको विगतका कार्यप्रगतिको मूल्याङ्कन तथा समीक्षाबाट प्राप्त मूल्यवान सुझावहरू समावेश छ जसले अगाडि बढ्नका लागि प्रशस्त राम्रा अभ्यास तथा सिकाइको अभिलेखीकरण गर्ने एवम् अन्य विविध क्षेत्रमा ध्यानाकर्षण गरेको छ। यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका महत्वपूर्ण सुझावले यो दस्तावेज अझ दरिलो बनाइदिएका छन्।

अन्त्यमा, आत्मनिर्भर केन्द्रका साधारण सदस्य, कार्यकारी समितिका सदस्य एवम् सम्पूर्ण कर्मचारीले यो दस्तावेज परिकल्पना गरी यसलाई निश्चित आकार प्रदान गर्न र उपलब्ध सूचनालाई व्यवस्थित गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। यसैगरी सबै भूमिहीन, जोताहा र सीमान्त साना किसान, राष्ट्रिय भूमि अधिकार मञ्च र यिनका सबै तहका सङ्गठन, सहयात्री, अन्तर्राष्ट्रिय विकास साझेदार र यस आन्दोलनलाई व्यक्तिगततवरले सघाइरहनुभएका शुभचिन्तक सबैमा आत्मनिर्भर केन्द्रका आगामी ५ वर्षको मार्ग तय गर्न प्रदान गर्नुभएको अतुलनीय योगदान तथा ऐक्यबद्धताका लागि धन्यवाद दिन चाहन्छु।

**शशिकला दाहाल**
अध्यक्ष

# विषय सूची


**१. संस्थागत परिचय र अवधारणा ... ७**

१.१ आत्मनिर्भर केन्द्र ... ७

१.२ संस्थागत सुशासन ... ८

१.३ निर्देशित सिद्धान्त ... ८

१.३.१ दृष्टिकोण ... ८

१.३.२ ध्येय ... ८

१.३.३ लक्ष्य ... ८

१.३.४ मूल्य र मान्यता ... ८

१.३.५ निर्देशित सिद्धान्त ... ९

१.४ गरिबी र मानव अधिकारबारेको बुझाइ ... १०

१.५ परिवर्तनको सिद्धान्त ... १२

**२. परिवेश विश्लेषण ... १३**

**३. विगतका रणनीतिक योजनाको समीक्षा ... १७**

३.१ संस्थागत विकासको समीक्षा ... १७

३.२ रणनीतिक गन्तव्यको समीक्षा ... १८

३.३ भूमि अधिकार आन्दोलनका उपलब्धि ... २०

३.४ प्रमुख सरोकारवालाको भूमिकाको समीक्षा ... २२

३.५ रणनीतिक साझेदारीको समीक्षा ... २५

३.६ आन्दोलनका सिकाइ ... २६

**४. रणनीतिक कार्यढाँचा ... २९**

४.१ रणनीतिक उद्देश्य ... २९

४.२ साङ्गठनिक स्वरूप ... ३६

४.२.१ मानवीय स्रोत विकास र व्यवस्थापन ... ३६

४.२.२ संस्थागत संरचना र सम्पत्ति ... ३८

४.२.३ सुशासन ... ३८

४.२.४ साझेदारी ... ३८

४.३ ज्ञान तथा सिप व्यवस्थापन ... ४०

४.४ स्रोत परिचालन ... ४०

४.४.१ स्रोतहरूको अनुमान ... ४०

४.५ अनुमान तथा जोखिम व्यवस्थापन योजना ... ४१

अनुमान ... ४१

जोखिम व्यवस्थापन योजना ... ४१

**५. दिगोपना एवम् निकास योजना ... ४५**

**६. कार्यान्वयन योजना ... ४९**

६.१ नतिजा, सूचक तथा क्रियाकलाप ... ४९

**६.२ अनुगमन तथा मूल्याङ्कन प्रणाली** ... ५३

अनुसूची : १ सरोकारवालाहरूको अपेक्षित भूमिकाको विश्लेषण एवम् वर्तमान स्थिति ... ५५

अनुसूची : २ भूमि तथा कृषि अधिकार अभियान सञ्चालन भएको जिल्ला ... ६०



# १

# संस्थागत परिचय र अवधारणा

## १.१ आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा २०४९ सालमा दर्ता भएको सामाजिक संस्था हो। ग्रामीण समाजमा विद्यमान शोषणमूलक र अन्यायपूर्ण शक्ति सम्बन्धमा फेरबदल ल्याउनका लागि गरिब तथा पिछडिएका वर्ग विशेषगरी भूमिहीन र मोहीलाई एकीकृत गरी उनीहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्यले केही उत्साही शिक्षक र युवाले संस्था सुरु गरेका थिए।

आत्मनिर्भर केन्द्र भूमिहीन तथा गरिब किसानलाई सङ्गठित र सशक्तीकृत गर्दै भूमि अधिकार प्राप्तिको आन्दोलनमा वि.सं. २०५१ सालदेखि क्रियाशील छ। मोहियानी हकको आन्दोलनबाट सुरु भएको अभियान भूमि तथा कृषि सुधारको सशक्त राष्ट्रिय आन्दोलन बनेको छ। यहाँसम्म आइपुग्दा भूगोलमात्र फैलिएको छैन, भूमि अधिकारका मुद्दा, बुझाइ, दृष्टिकोण, आन्दोलनमा सङ्घर्षरत र सहयोगी समुदाय, मूल्य-मान्यता आदि पक्ष पनि उघारिँदैं र फैलँदै छन्।

आत्मनिर्भर केन्द्रको दुई दशकको यात्रामा विभिन्न उत्तरचढाव आए। यद्यपि गरिबी र अन्यायको जरो भूमिको अन्यायपूर्ण वितरणले गरिब नागरिकको मानव अधिकार हनन भइरहेको छ र यसलाई न्यायोचित बनाउनुपर्छ भन्नेमा संस्थाले अविचलित यात्रा तय गरेको छ। यसरी काम गर्ने सन्दर्भमा समस्या मात्र उजागर गर्ने नभई विकल्पहरू बहसमा ल्याउने र सामर्थ्यअनुसार आफैँ पनि अभ्यास गर्दै आइरहेको छ। आफ्ना लक्ष्य भेट्न अझै संस्थाको कामलाई सघन बनाउँदै लैजाने र नतिजामा केन्द्रित हुने तथा भूमि अधिकारबाट वञ्चितको जीवनमा महसुस हुने परिवर्तन स्वयम् समुदायसँगै मिलेर ल्याउने संस्थाको अठोट छ।

# १.२ संस्थागत सुशासन

आत्मनिर्भर केन्द्रको साधारण सदस्यमा स्थानीय तहका सामाजिक अभियानकर्तादेखि विज्ञ हुँदै मानव अधिकारकर्मीसम्म छन्। कार्यकारी समितिको चयन हरेक ३ वर्षमा साधारण सभाबाट गरिन्छ। यसको मूल दायित्व साधारण सभाले अवलम्बन र निर्देश गरेका नीतिगत निर्णय कार्यान्वयन गर्नु हो। आत्मनिर्भर केन्द्र पूर्ण पारदर्शी र कार्यकारी समिति र कर्मचारी समूहबीच दोहोरोपन नभएको संस्था हो।

# १.३ निर्देशित सिद्धान्त

## १.३.१ दृष्टिकोण

हरेक नागरिक आत्मनिर्भर र मर्यादित जीवन बाँचिरहेका हुनेछन्।

## १.३.२ ध्येय

भूमि अधिकारबाट वञ्चितको शक्ति बढाइ भूमि तथा कृषि सुधारका लागि सक्षम बनाउने।

## १.३.३ लक्ष्य

भूमि अधिकारबाट वञ्चित महिला तथा पुरुषको भूमिमाथि न्यायिक पहुँच र नियन्त्रण कायम गरी उनीहरूको जीविकोपार्जन सुरक्षित गर्ने।

सूचकहरू : खाद्य पर्याप्तताको अवस्था, सहभागिता र गतिशीलताको तह, सामाजिक अवस्थाको तह, आवासको गुणस्तर, परिवारिक आम्दानीको मात्रा, शिक्षाको तह, स्वास्थ्यको तह।

## १.३.४ मूल्य र मान्यता

**सरल र आदरपूर्वक :** आत्मनिर्भर केन्दका सदस्य, पदाधिकारी र कर्मचारीको निजी र व्यावसायिक जीवनशैली सरल र मितव्ययी हुनेछ। आत्मनिर्भर केन्द्र पारस्परिक आदरका साथै लैङ्गिक, जातीय, धर्म, रङ एवम् अन्य कुनै पनि दृष्टिकोणबाट भेदभाव नगरी हरेकलाई समान व्यवहार गर्छ।

**विकल्पको खोजी :** आत्मनिर्भर केन्द्र हरेक समस्याको समाधान हुन्छ र विकल्प हुन्छ भन्नेमा विश्वस्त छ। सामूहिकरूपमा भएका प्रयत्नले समाधानको उचित विकल्प दिन्छ भन्नेमा दृढ छ।

**अहिंसात्मक :** अहिंसात्मक कार्य जीवनको पथ हो। अहिंसात्मक सङ्घर्षले ठूलो शक्ति दिन्छ र यसले दिगो रूपान्तरण हासिल गर्न सकिन्छ।

**गुणस्तर र नतिजामा जोड :** आत्मनिर्भर केन्द्रको अस्तित्व भूमि अधिकारबाट वञ्चित समुदायले महसुस गर्ने लाभमा अडेको छ । गुणस्तरीय नतिजा संस्थाको जवाफदेहिताको मापनको आधार हुनेछ ।

**समानुभूति :** अधिकार हनन भई अमानवीय जीवन व्यतीत गर्न बाध्य व्यक्ति वा समूहको अधिकार र मर्यादित जीवनका लागि आत्मनिर्भर केन्द्र पूर्ण समानुभूति राख्छ ।

**लगाव :** आत्मनिर्भर केन्द्र ती व्यक्तिहरूप्रति लगाव राख्छ जसको मौलिक अधिकार खोसिएको छ र मर्यादापूर्वक बाँच्ने अधिकार हनन भएको छ ।

**पक्षधरता :** आत्मनिर्भर केन्द्र समानतामा आधारित खुसी र समृद्ध समाजमा रमाउन चाहन्छ । गरिबी र अन्यायमा बाँचेका मानिसका अनेकन संरचनागत बाधा र तिनका कारणसँग जुध्न भूमि अधिकारबाट वञ्चितको पक्ष लिन्छ ।

**आत्मनिर्भरता :** आत्मनिर्भरता व्यक्ति, परिवार, समाज र राष्ट्रको दिगो विकासको आधारभूत तत्व हो भन्ने विश्वास राख्छ । र, संस्थाको सबै व्यवहार र गतिविधिमा आत्मनिर्भरता कायम राख्न उद्यत हुन्छ ।

**भूमिको दिगो उपयोग :** भूमिहीन किसानहरू भूमिलगायत प्रकृतिलाई असाध्यै माया गर्छन् । उनीहरू यसको संरक्षण र संवर्धनका उपयुक्त कर्ता हुन् भन्नेमा आत्मनिर्भर केन्द्र विश्वास गर्छ । किसानसँग भूमिको दिगो उपयोग गर्नेबारे पर्याप्त र गहिरो ज्ञान/सिप छ ।

## १.३.५ निर्देशित सिद्धान्त

(क) **सबैका लागि सबै मानव अधिकारको संरक्षण र प्रवर्द्धन :** आत्मनिर्भर केन्द्र सबै अधिकार सर्वव्यापी र अन्तर्सम्बन्धित हुन्छ र समाजका सबै व्यक्ति र समूह (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएकाहरू) ले बिनाभेदभाव ती सबैको अधिकार उपभोग गर्न पाउनुपर्छ भन्नेमा विश्वास गर्छ ।

(ख) **बहुलवाद र विविधताको कदर :** हामी नेपालमा रहेको विविधता र बहुलपनालाई समृद्धिको स्रोतका रूपमा देख्छौं र यसलाई भूमि अधिकार आन्दोलनमा प्रवर्द्धन गर्न प्रतिबद्ध छौं । हामी बहुलवादलाई राजनीतिक र सांस्कृतिक विविधता अभिव्यक्त गर्ने माध्यम मान्छौं ।

(ग) **सामाजिक समावेशिता :** भूमि अधिकारबाट वञ्चितको भूमि अधिकार सुनिश्चित गर्ने प्रक्रियामा समाजका सबै तह, वर्ग, क्षेत्र, समुदाय र तप्का (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएका) का मानिसको समावेशिता अपरिहार्य छ भन्नेमा हामी विश्वास गर्छौं ।

(घ) **अहिंसात्मक पद्धति अनुशरण :** हाम्रो आन्दोलनमा हुने गतिविधि तथा अभिव्यक्तिहरू अहिंसात्मक बनाउनमा हामी प्रतिबद्ध छौं । शान्तिपूर्ण सामाजिक आन्दोलन दिगो उपलब्धि हासिल गर्ने माध्यम हो भन्नेमा हाम्रो दृढ विश्वास छ ।

(ङ) **संस्थागत सुशासन :** सुशासनका आधारभूत सिद्धान्त हामी आफैंले अनुशरण नगरी भूमि

प्रशासनलाई पारदर्शी र जवाफदेही बनाउने हाम्रो लक्ष्य पूरा हुँदैन भन्नेमा आत्मनिर्भर केन्द्र सचेत छ। हामी र हाम्रा गतिविधि मूल्य/मान्यतामा आधारित भएमा सरकारलगायत अन्य निकायलाई सुशासनका सिद्धान्त पालना गर्न/गराउन नैतिक बल प्राप्त हुन्छ।

(च) **लोकतान्त्रिक निर्णय प्रक्रिया र कार्यान्वयन :** आत्मनिर्भर केन्द्र सबै लोकतान्त्रिक पद्धतिका आधारभूत सिद्धान्त पालना गर्न/गराउन प्रतिबद्ध छ। यो संस्था र आन्दोलनको हरेक तह र समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन/मूल्याङ्कन पद्धतिमा प्रभावकारीरूपमा अभ्यास गरिनेछ।

(छ) **लैङ्गिक समानता :** आत्मनिर्भर केन्द्र आन्दोलनको समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिमा महिला र पुरुषको बराबर सहभागिता र स्वामित्व स्थापित गर्न प्रतिबद्ध छ।

## १.४ गरिबी र मानव अधिकारबारेको बुझाइ

मानिसले सिर्जना गरेको गरिबी र अशान्ति मानिसले नै समाप्त पार्न सक्छ र सक्नुपर्छ। अनिमात्र समाजमा सबैका लागि र सधैँका लागि दिगो शान्ति आउँछ। मानव अधिकार भनेको मानिसलाई आत्मसम्मानपूर्वक बाँच्न नभई नहुने हक हुन्। मानव अधिकार मानिसलाई मानिस भएका कारण प्राकृतिकरूपमा प्राप्त हुन्छ। त्यसकारण मानव अधिकारलाई जन्मसिद्ध अधिकार वा नैसर्गिक अधिकार पनि भन्छन्। पोषिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, सबैसरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्तिको स्वतन्त्रता, पेशा तथा रोजगारी छनोटको स्वतन्त्रता आदि मानिसका आधारभूत अधिकार हुन् जसको प्रत्याभूति गर्ने पहिलो दायित्व सरकारको हुन्छ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति नभएको अवस्थामा मानिस आत्मसम्मानपूर्वक बाँच्न सक्दैन र विकास अनि शान्ति पनि सम्भव हुँदैन।

मानवको आधारभूत अधिकारको योजनाबद्ध र निरन्तर उल्लङ्घनको परिणाम गरिबी हो। आधारभूत आवश्यकता खाना, आवास, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा सम्मानजनक हैसियतबिना मानिस गुणस्तरीय जीवन बाँच्न सक्दैन। सम्मानपूर्वक बाँच्न चाहिने यिनै आधारभूत आवश्यकता पूरा नहुनु गरिबी हो। जब मानिससँग पर्याप्त खाना, मौसमअनुसारको कपडा, सुरक्षित आवासको अभाव हुन्छ, शिक्षा, स्वास्थ्य र सामाजिक आवश्यकता पनि पूरा हुँदैन। समाजमा आत्मसम्मान हुँदैन। कमाइ खान जमिन, रोजगारी अथवा वित्तीय सेवाको उपलब्धता हुँदैन। विभेद र हिंसाको सिकार हुनुपर्छ। त्यस्ता व्यक्ति, परिवार र समाज असुरक्षित, शक्तिहीन र बहिष्कृत हुन पुग्छन्। यो परिस्थिति गरिबी हो।

गरिब तिनै छन् जो मूलतः उत्पादनका साधनबाट वञ्चित छन् र निर्णय गर्ने प्रकियाबाट बाहिर छन्। शारीरिकरूपमा अशक्त छन्। जसलाई जातजाति, धर्म, वर्ग र लिङ्गका आधारमा विभेदमा पारिएको छ। सुरक्षित आवास नभएका, खेतीपातीको पेशा गर्ने तर जमिन नभएका वा न्यून भएका, बँधुवा मजदुर, मोही र साना किसान अनि अनौपचारिक क्षेत्रमा कडा श्रम गर्ने मजदुर नै गरिब छन्।

मानिसले सिर्जना गरेको आर्थिक तथा सामाजिक संरचना, नीति नियम तथा राजनीतिक पद्धति न्यायिक हुन नसकेकाले शक्ति सम्बन्ध असमान हुन पुग्यो, उत्पादनका साधनहरूको स्वामित्व र लाभको भोग अन्यायजन्य हुन पुग्यो अनि राज्य र समाजमा बन्ने नीति नियमहरू शक्तिवालाको पक्षमा हुन गयो । फलस्वरूप गरिबी बढेको हो ।

जमिनले व्यक्तिगत सम्पत्तिदेखि सामाजिक प्रतिष्ठा निर्धारण र राजनीतिक हैसियत प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । इतिहासको लामो कालखण्डसम्म जमिनको वितरण अन्यायपूर्ण हुन पुग्यो । राज्यले भूमि वितरणलाई असमान बनायो । यसले समाजमा आर्थिक विषमता अर्थात धनी गरिबबीच खाडल ठूलो बन्दै गयो । उत्पादनमा वृद्धि वा स्थिरता मुख्यतः स्वामित्व एवम् उत्पादन सम्बन्धमा निर्भर रहने कुरा हुन् । जमिन भनेको उत्पादनको साधन हो । भूमि वितरण व्यवस्था उत्पादनशीलता निर्धारण गर्ने महत्वपूर्ण तत्व पनि हो ।

जसरी जमिन उत्पादनको साधन हो त्यसैगरी यो गरिबीको रेखाबाट बाहिर निस्कने माध्यम पनि हो । जोसँग खान पुग्ने अन्न उब्जाउने जमिन छ उनीहरूको शिक्षा, स्वास्थ्यको अवस्था राम्रो छ । सामाजिक हैसियत छ । राजनीतिमा सहभागिता छ । नीति निर्माणमा प्रभाव पार्ने शक्ति छ । उनीहरू विभिन्न पेशा व्यवसायमा लागेका छन् । जमिन हुनेहरूको अवसरका स्रोत बढीभन्दा बढी हुँदैछन् भने आफ्नो जमिन नहुनेहरू अरूको जमिनमा काम गर्ने श्रमिकका रूपमा पुस्तौँपुस्ता बिताइरहेका छन् ।

भूमि पुनर्वितरणको माध्यमबाट आजका जोताहा गरिब, भूमिहीन महिला, हरूवाचरुवा, हलिया, कमैया र कृषि श्रमिकलाई कम्तिमा साना किसान बनाउन सकिन्छ । उनीहरूको खाद्य सुरक्षा सुनिश्चित गर्न सकिन्छ । यसो हुन सकेमा उनीहरूको पहल शिक्षा, स्वास्थ्य, अन्य उद्यम व्यवसाय, नीति निर्माण र राजनीतिक प्रक्रियामा वृद्धि हुन सक्छ र जीवन धान्ने वैकल्पिक उपायहरू अवलम्बन गर्न सक्नेछन् । जसबाट भविष्यमा जमिनमाथि नै निर्भर रहने र जमिन नै माग हुने दबाब कम हुनेछ । अहिले पनि ठूलो हिस्सा जमिनमाथि भूमिमा आश्रित हुनु नपर्ने र खेती नगर्नेको स्वामित्व छ । खेतीयोग्य जग्गाको झण्डै चौथाई जग्गा बाँझो छ । यस्तो बाँझो जग्गाको उपयोग गर्न सके उत्पादन वृद्धि र रोजगारी सिर्जनामा ठूलो योगदान पुग्नेछ । भूमि सुधारबाट कृषिको व्यवसायीकरण गर्न सकिन्छ जसलाई व्यावसायिक सिप र साधन दिएर आत्मनिर्भर किसान बनाउन सकिन्छ । कृषि सहकारी खेती प्रणाली लागु गरेर अहिलेको अर्धबेरोजगारी हल गर्न सकिन्छ ।

भूमिमाथिको पहुँच र स्वामित्वले व्यक्ति, परिवार र समुदायको दिगो पुँजीको आधार दिन्छ । उसले आफ्नो सम्पत्तिलाई अर्को पुस्तामा हस्तान्तरण गर्न सक्छ । कठिन र कमाउन नसक्ने परिस्थितिमा पनि बाँच्ने आधार बनाइराख्छ । भूमि आर्थिक विषय त हुँदै हो साथै यसले सामाजिक तथा राजनीतिक हैसियत पनि कायम गर्छ । उचित जीवनस्तरका लागि आवश्यक खानाको अधिकार, आवासको अधिकार, स्वास्थ्यको अधिकार, सुरक्षित पिउने पानीको अधिकार पनि यहीसँग जोडिएको छ । जमिनमा पूर्ण उपभोगको अधिकार हुँदामात्र निश्चितरूपमा खाद्य अधिकार र वर्तमानमा रहेको असमानता र विभेद सही ढङ्गबाट सम्बोधन हुन्छ ।

# १.५ परिवर्तनको सिद्धान्त

आत्मनिर्भर केन्द्र सकारात्मक परिवर्तनका लागि नागरिकको शक्ति र सामर्थ्य महत्वपूर्ण हुनेमा पूर्णतः भरोसा राख्छ। यसर्थ भूमि अधिकारबाट वञ्चितहरूको सङ्गठन र क्षमता अभिवृद्धिका माध्यमबाट अन्यायपूर्ण र शोषणमुखी शक्ति सम्बन्धमा परिवर्तन ल्याई उनीहरूका सवाल उठाउन, राजनीतिक तहमा बहस गर्न सक्षम तुल्याउन र सरकार र दललाई जिम्मेवार बनाउन सकिन्छ। आत्मनिर्भर केन्द्रले यही कारणले जनसङ्गठन प्रवर्धन गरिरहेको छ र यसलाई अझै सशक्त, सवल र सक्रिय बनाउन क्रियाशील रहनेछ।

भूमि अधिकारबाट वञ्चितले नेतृत्व गरेको बलियो अहिंसात्मक सामाजिक आन्दोलनले राजनीतिज्ञ र नीति निर्माताहरूलाई भूमि अधिकारबाट वञ्चित र भूमि तथा कृषि सुधारको पक्षमा जवाफदेही हुन बाध्य तुल्याउँछ। यसो भएकाले नै आत्मनिर्भर केन्द्रले संस्थागत क्षमताअनुरूपको ताकत र सामर्थ्य भूमि तथा कृषि सुधार आन्दोलनको सवलीकरणमा लगाइरहेको छ।

भूमि तथा कृषि अधिकार आन्दोलनका लागि भूमि अधिकारबाट वञ्चितबाहेक यसका सहयोगी र सरोकारवालासँगको सम्बन्ध र सहकार्य पनि परिवर्तनका लागि महत्वपूर्ण हुन्छ। जनमत निर्माण र नीति परिवर्तनमा यिनको संलग्नताले विशेष अर्थ राख्छ। भूमि तथा कृषि सुधारको माध्यमबाट भूमि अधिकारबाट वञ्चितको जीवनमा परिवर्तन ल्याई समाजमा दिगो शान्ति स्थापना गर्ने कार्यमा उल्लिखित कर्ताहरूको रणनीतिक संलग्नता गराइनेछ।

सङ्घर्ष सफल परिचालनले मात्र पुग्दैन। यसका लागि ज्ञान शक्ति महत्वपूर्ण हुन्छ। जनसङ्घर्षको लामो इतिहास छ। तसर्थ अभ्यास, अध्ययन र अनुसन्धानबाट ज्ञान निर्माण गर्नुपर्नेमा आत्मनिर्भर केन्द्रका प्रयास सचेततवरले केन्द्रित छन्।



# २

# परिवेश विश्लेषण

**विषम भू-स्वामित्व :** नेपालका अधिकांश मानिसको जीवनयापनको प्रमुख स्रोत कृषि भए तापनि करिव २६.१ प्रतिशत कृषक परिवारको खेती गर्ने आफ्नो जमिन छैन। भू-स्वामित्वसहितको कृषि परिवारको अनुपात २०५२/५३ मा ८३.१ प्रतिशत थियो। सो घटेर २०६०/६१ मा ७७.५ प्रतिशत भयो। र, २०६७/६८ मा त्यसबाट पनि घट्दै गई ७३.३ प्रतिशत पुगेको देखिन्छ। ०.५ हेक्टर भन्दा कम जमिनको स्वामित्व भएका साना किसानको सङ्ख्या ५३ प्रतिशत छ भने उनीहरूले कुल खेतीयोग्य जमिनको १८ प्रतिशतमात्र ओगटेका छन्। यसको ठीक विपरित २ हेक्टरभन्दा बढी जमिनमा स्वामित्व भएका ठूला किसानको सङ्ख्या ४ प्रतिशतमात्र भए तापनि उनीहरूले कुल कृषियोग्य[1] जमिनको २२ प्रतिशत जमिन ओगटेका छन। ४ लाख ८२ हजार परिवारसँग घर बनाउने र खेती गर्ने जग्गा छैन (विली, २०० ९)। अर्को ९५७,१०० परिवारसँग नाममात्रको जग्गा छ (राष्ट्रिय जनगणना, २०६८)। जुन कतिपय घरबासकै लागि पनि असुरक्षित छ। गाउँमा बस्ने चौथाइ घर परिवार भूमिहीन भएको अनुमान छ (२९ प्रतिशत भूमिहीनता, नेपाल मानव विकास प्रतिवेदन २००५)। करिब ७ लाख किसान परिवार अरूको न्यून आकारको जग्गामा श्रम गरेर बाँचिरहेका छन् (साआसेके २००९)। यिनीहरूमा दलित, जनजाति र महिला सबभन्दा बढी छन्।

**अन्यायपूण भूसम्बन्ध :** वर्गीय तथा जातीय विभेदलाई लैङ्गिक असमानताले अझै बढाउने कार्य गरेको छ। जसअनुसार प्रायजसो उत्पादनमूलक स्रोतहरू, खासगरी जमिनमाथि पुरुषको बढी स्वामित्व रहन्छ। कुल परिवारमध्ये घर वा जमिन वा दुवैको स्वामित्व हुने महिलाको प्रतिशत केवल १९.७१ मात्र छ। यसैगरी नेपालको सामाजिक परिवेशमा जातीय विभेदले प्रमुखता पाएकाले र उपेक्षित समूहको जमिनमा कम पहुँच वा पहुँच नै नरहेकाले पनि भू-स्वामित्वमा असमानता रहेको पुष्टि हुन्छ। यदि त्यस्ता समूहको जमिनमा पहुँच

[1] नेपाल जीवनस्तर सर्भेक्षण २०१० र ११, तथ्याङ्क प्रतिवेदन, भाग २, केन्द्रीय तथ्याङ्क विभाग

नै भए पनि उक्त जमिन अनुत्पादक तथा कमसलखालका मात्र हुन्छन् । यसै सन्दर्भमा करिब ४४ प्रतिशत तराईका दलित भूमिहीन छन् भने बाँकी करिब ५६ प्रतिशतसँग अत्यन्तै सानो आकार[२]को जमिनमा स्वामित्व छ । नेपालका २१% दलितसँग कृषियोग्य भूमिको १% मात्र स्वामित्व छ । भूमिको असमान वितरणले नै नेपालमा लैङ्गिक, जातीय र वर्गीय विभेद र हिंसामा बल पुऱ्याइरहेको छ । यिनै कुराले गरिबीको अवस्था सिर्जना गरेको छ । समाजमा व्याप्त शोषण, अन्याय, थिचोमिचो अशिक्षा भूमिको असमान वितरणसँग गाँसिएका छन् ।

**राजनीतिक अस्थिरता एवम् सङ्क्रमण :** भूमि अधिकार आन्दोलनमा राजनीतिक अस्थिरता एवम सङ्क्रमणको प्रभाव प्रमुख मात्रामा छ । वर्तमान राजनीतिक परिवेशमा भूमि सुधारको मुद्दाले प्राथमिकता पाइरहेको छैन । हाल राजनीतिक दलहरू संविधान निर्माणको प्रक्रियामा लागेका भए पनि आर्थिक, सामाजिक र सांस्कृतिक मुद्दामा जुन किसिमको बहस हुनुपर्ने हो, भएको छैन ।

**गरिबमुखी भूमि सुधार :** जमिनमाथि अधिकार प्राप्त हुनुपर्ने किसानको तुलनामा वास्तविक स्वामित्व हस्तान्तरण भई स्वामित्व लिएका किसानको सङ्ख्या अत्यन्त न्यून छ भने प्रमुख राजनीतिक दलहरू यो मुद्दामा केवल ओठेभक्तिमात्र देखाइरहेका छन् । कारण- प्रायः सबै दलमा प्रभावशाली जग्गाधनी छन् वा भूमि सुधारको विषयमा उनीहरूका फरक फरक विचार छन् । त्यस्तै भूमि सुधारको मुद्दा असहज भएको र दलबीच सहमति कायम गरी यसलाई व्यवहारमा ल्याउन लामो समय लाग्ने हुनाले राजनीतिक खतरा उठाउन चाहँदैनन् । त्यसैले यो मुद्दालाई अन्तिम निकास दिनका लागि राजनीतिक इच्छाशक्ति वा तत्परताको खाँचो स्पष्ट देख्न सकिन्छ । भूमि स्वामित्व खेती गरी उपार्जन गर्ने कुरामात्र हैन, राज्य सुविधा उपयोग गर्न, सामाजिक सुरक्षा, सामाजिक सवलीकरणसँग पनि सम्बन्धित छ ।

जसको जमिन छैन उसले वित्तीय संस्थाबाट ऋण पाउँदैन । जमिन वर्षौंदेखि भोग गर्दै आएकासँग पनि लालपुर्जा छैन । अरू सिप पनि छैन । थोरै पुँजी लिन पनि धितो राख्न लालपुर्जा नहुँदा समस्या छ । बीसौं वर्षदेखि जमिन भोग गरिएको छ । लालपुर्जा नहुँदा सुकुम्बासी बन्नुपरेको छ । वित्तीय सेवामाथि अधिकार स्थापित गराउन पनि कहीँ न कहीँ स्थिर सम्पत्ति चाहिन्छ । त्यो घर जग्गा हो । हैन भने पुँजीको उपयोग जसले धेरै धितो राख्न सक्छ उसैले धेरै गर्छ । उसैको सम्पत्ति बढ्छ । नहुनेको झनै कम भइरहेको छ ।

**नवउदारवादी नीति तथा कार्यक्रम :** ठूला बहुराष्ट्रिय एवम् कर्पोरेट दाताहरू, जस्तै विश्व ब्याङ्क, एसियाली विकास ब्याङ्कजस्ता संस्थाको नेपालका नीति निर्माण गर्ने कार्यमा बलियो प्रभाव रहने गरेको छ किनकि उनीहरूको सहयोग प्रमुखरूपमा बजारमुखी अर्थतन्त्रलाई प्रोत्साहन दिने सर्त वा कार्यसँग जोडिएका हुन्छन् । अर्थतन्त्रको बजारमुखी स्वरूपले जमिनलाई भूमिहीन, गरिब तथा जोताहा किसानको सामाजिक एवम् सांस्कृतिक अधिकार सुनिश्चत गर्ने साधनका रूपमा भन्दा पनि उत्पादनको प्रमुख स्रोतका रूपमा लिएको छ । हाल जमिनलाई बिक्रीयोग्य वस्तुका रूपमा लिई यसको उपयोगको फैसला गर्ने जिम्मेवारी पनि बजारमा नै छाडिएको छ । यो परिदृश्यमा यस्ता वित्तीय समूहको नेतृत्वमा गरिने भूमि सुधारले गरिब नेपालीको नाममा बहुराष्ट्रिय कम्पनी तथा सङ्गठित घरानालाई मात्र फाइदा पुग्ने देखिन्छ ।

२ नेपाल जीवनस्तर सर्भेक्षण २०१० र ११, तथ्याङ्क प्रतिवेदन, भाग २, केन्द्रीय तथ्याङ्क विभाग

**राजनीतिक दलबीच विवादास्पद मुद्दा :** प्रमुख राजनीतिक दलका भूमि सुधारको मुद्दामा आम असहमति रहेकाले उनीहरूबीच यो मुद्दा विवादास्पद बनेको छ । हाल तराई तथा मध्यपहाडी भू-भागमा भूमि अधिकारको मुद्दाले भन्दा पहिचानको मुद्दाले बढी राजनीतिक प्रश्रय पाइरहेको छ । भूमि अधिकारबाट वञ्चित र जाति एवम् जातीयताका आधारमा हुने भेदभावबीच रहेको बलियो सम्बन्धका बाबजुद राजनीतिक कार्यकर्ताहरू भूमि अधिकारको वकालत गरिरहेका छैनन् ।

**कार्यगत अनुसन्धान एवम् सहयोगको कमी :** भूमि सम्बन्धमा गरिनुपर्ने अनुसन्धानले राजनीतिक दल तथा नेताहरूको पर्याप्त ध्यान खिच्न सकेको छैन । भूमि अधिकार आन्दोलनका लागि दाताहरूको सहयोग पनि सीमित छ । यसलाई द्विपक्षीयरूपमा सहयोग गर्ने थोरैमात्र दाता छन् । तुलनात्मकरूपमा खाद्य अधिकारलाई केन्द्रबिन्दु बनाइ भूमि अधिकार आन्दोलनलाई सहयोग गर्न चाहने अन्तर्राष्ट्रिय सङ्घ/सङ्गठनको सङ्ख्या भने बढ्दै गएका छन् ।





# ३

# विगतका रणनीतिक योजनाको समीक्षा

## ३.१ संस्थागत विकासको समीक्षा

आत्मनिर्भर केन्द्रको नेतृत्व र कर्मचारी समूहले गरेको संस्थागत क्षमता मूल्याङ्कनले विभिन्न पक्ष उजागर गरेको छ। संस्थासँग मानव अधिकार यसमा पनि मूलतः भूमि र कृषि सुधारसम्बन्धी गहिरो अनुभव र विज्ञता छ। वकालत र सामाजिक आन्दोलनसम्बन्धी क्रियाशिलता, स्वयम्सेवीपना र व्यावसायिक संयोजन भेटिन्छ। आत्मनिर्भर केन्द्रमा प्रतिबद्ध र उच्च दृष्टिकोणयुक्त नेतृत्व छ। सामाजिक आन्दोलनको अग्रणी संस्थाको छवि बनेको छ। संस्थागत पद्धति र नीति छन्। समुदायदेखि नीतिगत तहसम्म काम गर्नसक्ने खुबी छ। साझेदार, सरकार र भूमि अधिकारबाट वञ्चितहरूले भूमि अधिकारको क्षेत्रमा काम गर्ने संस्थाको पहिचान दिएका छन्। विश्वास गरेका छन्। सुशासनको पूर्णतः अभ्यास गरिएको छ। एक व्यक्ति एक पदको जिम्मेवारी व्यवहारमा नै आत्मसात् गरिएको छ। आफ्नै भूमि घर र स्रोत केन्द्र छ।

आत्मनिर्भर केन्द्रका सुधारका क्षेत्र पनि छन्। सदस्य कम छन्। व्यवस्थापन समूह र संस्थाका सदस्यबीच सञ्चार अपुग छ। कामको गुणस्तर र प्रभाव मापनका लागि अनुगमन तथा मूल्याङ्कन परिपाटी बलियो बनिसकेको छैन। अङ्ग्रेजी भाषाको अभिलेखन कार्यमा भाषागत सुधार खाँचो छ। सार्वजनिक नीति तथा कानुनको समीक्षात्मक सिप पनि पुगेको छैन।

आत्मनिर्भर केन्द्र सामुन्ने अवसर पनि छन्। यी अवसर भूमि अधिकारबाट वञ्चितको जीवनमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण छन्। विद्यमान अन्याय, गरिबी, असमानता र विभेदका मूल जरो छिमोल्न संविधान निर्माण एउटा ऐतिहासिक अवसर हो। अनेकनमध्ये भूमिको असमानुपातिक वितरण गरिबी र द्वन्द्वको एउटा मूल कारक रहिआएको छ। सम्पत्तिको अधिकारमा भूमिको सीमा, हदबन्दी, भूमि अधिग्रहणमा क्षतिपूर्ति जस्ता विषय जटिल छन्। यसो हुँदा भूमिको अन्यायपूर्ण उपभोग र अनुचित प्रयोगलाई यथोचित ढङ्गले सल्टाउने बेला पनि यही हो। यसका लागि यतिबेला आत्मनिर्भर केन्द्रले

रचनात्मक भूमिका निर्वाह गर्न सक्छ। संस्थाका सहयोगी र बलिया र प्रतिबद्ध रणनीतिक साझेदार परिवर्तनका महत्वपूर्ण आधार हुन्। सरकारी निकाय र राजनीतिक दलसँगको सम्बन्ध पनि नीतिगत तहको कामका लागि महत्वपूर्ण ढोका हुन सक्छ।

चुनौती पनि त्यत्तिकै छन्। लम्बिँदो सङ्क्रमणकाल, अस्थिर राजनीति, दल र सरकारी निकायको कमजोर इच्छाशक्ति जस्ता कारण भूमि अधिकारबाट वञ्चितहरूको अधिकार प्राप्तिमा बाधा पुगेको छ। भूमि सुधारका सम्बन्धमा राजनीतिक ध्रुवीकरण छ। भूमिको बहस सुरु गर्नासाथ भूमि सुधारसँग मात्र जोडेर हेर्ने र भूमि सुधार भन्नासाथ हुनेको जमिन लिएर सुकुम्बासीलाई बाँड्ने र केहीको सम्पत्ति खोसिने साँघुरो बुझाइले अलमल बनाइरहेको छ। शक्तिशाली समूहले भूमि कब्जा गरेका छन्। जो खेती गर्दैनन्। कृषियोग्य भूमिको गैरकृषीकरण भइरहेको छ। जोताहा बेदखली र सुकुम्बासी उठिबास बढ्दो छ।

आत्मनिर्भर केन्द्रले सवल पक्षहरू संस्थागत गर्नेछ। कमजोरी हटाउन व्यवस्थित कार्ययोजना बनाइ लागु गर्नेछ। अवसरलाई रणनीतिकतवरले उपयोग गरी अधिकतम प्रभाव हासिल गर्नेछ। सरकार र राजनीतिक दलसँग कार्यमुखी सम्बन्ध र सहकार्य निर्माण गर्नेछ। संविधानमा भूमि सुधारको यथोचित सम्बोधनका लागि निरन्तर वकालतको कार्य गर्नेछ। उठिबासविरुद्ध सम्वाद र मानव अधिकार सङ्गठनहरूसँग सहकार्य गरी यसउपर कसरी कार्य गर्ने भन्ने ढाँचा विकास गर्नेछ। अवस्थाअनुरूप आउने चुनौती सामना गर्न सचेतपूर्ण कदम उठाई लक्ष्य र उद्देश्य हासिल गर्न लागिपर्नेछ।

## ३.२ रणनीतिक गन्तव्यको समीक्षा

### सन् २००८ सम्म

'गर्दै सिक्दै जाने' प्रक्रियाको माध्यमले भूमि अधिकार आन्दोलन क्रमशः अगाडि बढ्दै गइरहेको छ। विगतका आन्दोलनले निम्नलिखित विषयलाई प्राथमिकता दिएको थियो- (क) सीमान्त एवम् भूमिहीन, मोही किसान तथा अन्य सरोकारवालालाई भूमि अधिकार आन्दोलनमा सचेत एवम् सवल बनाउने, (ख) भूमिहीन तथा जोताहा किसानलाई सङ्गठित गर्दै अहिंसात्मक सामाजिक आन्दोलनमा परिचालन गर्ने, (ग) उपयुक्त नीति तथा कानुन निर्माणका लागि वकालत तथा पैरवी गर्ने, (घ) भूमिपतिहरूबाट जोताहामा जमिनको स्वामित्व हस्तान्तरण गरी उनीहरूको जीवनमा परिवर्तन ल्याउने र सञ्जाल तथा गठबन्धन विकास गर्ने।

यसैगरी जोताहामा जमिनमाथिको अधिकारलाई भूमि अधिकार आन्दोलनको केन्द्रबिन्दुमा राखिएको थियो भने भूमिपतिहरूबाट जोताहामा जमिनको स्वामित्व हस्तान्तरण गरी उनीहरूमा परिवर्तन ल्याउने रणनीति अवलम्बन गरिएको थियो। उक्त परिवर्तनले गरिब मोहीहरूको जीवनमा पहुँच अभिवृद्धि गर्नेमात्र होइन, व्यक्तिगत पहिचान एवम् आर्थिक र सामाजिक शक्तिको आधार तयार गरी उनीहरूको जीवनमा अत्यन्त सकारात्मक प्रभाव पारी अन्त्यमा सुरक्षित तथा सम्मानजनक जीवनयापनका लागि मार्ग तय गर्ने बुझाइ थियो।

भूमि अधिकार आन्दोलनको प्रमुख जोड भनेको सीमान्त तथा भूमिहीन किसानलाई सङ्गठित एवम् परिचालन गर्नुमा थियो । आत्मनिर्भर केन्द्र र यसका सहयोगी संस्थाहरूले हकवालाहरूको सङ्गठन, राष्ट्रिय भूमि अधिकार मञ्च गठन गरी यसका शाखा देशव्यापीरूपमा जिल्ला, गाउँ तथा विभिन्न समुदायमा विस्तार गर्ने कार्यमा सहयोग गरेका छन् ।

विगतका आन्दोलनमा समान सहभागिता तथा समावेशी निर्णय प्रक्रियामा जोड दिइएको थियो । साथै यसमा सीमान्त तथा भूमिहीन किसानको स्थानीय निकायमा बलियो शक्तिको आधार तयार गर्दै विषम नेपाली सामाजिक तथा सांस्कृतिक धरातलसँग मेल खाने किसिमका सर्वसाधारणका मुद्दालाई बढावा दिइएको थियो । साथै आन्दोलनले भूमि अधिकारको सवाललाई एक महत्वपूर्ण विषयवस्तुका रूपमा लिई यसको न्यायसङ्गत र दीर्घकालीन समाधानको आवश्यक्ता रहेको कुरालाई आत्मसात गर्न प्रमुख सरोकारवाला, जस्तै- राजनीतिक नेतृत्व, नीति निर्माण तथा निर्णयकर्ताहरू, अन्तर्राष्ट्रिय विकास संस्थाहरू एवम् मानव अधिकारकर्मीमा दबाब सिर्जना गर्ने लक्ष्य लिएको थियो । विभिन्न साधन तथा स्रोतमाथिको स्वामित्व, व्यवस्थापन एवम् प्राकृतिक स्रोतहरूको दोहन सम्बन्धमा निर्णय लिन हकवालाहरूको सहभागितामा जोड दिई उक्त सहभागितालाई उनीहरूका आफ्ना अधिकार बुझ्ने माध्यमका रूपमा महत्व दिइएको थियो । यसका अलावा, शान्ति प्रक्रियाको प्रमुख मुद्दाका रूपमा भूमि अधिकार मुद्दालाई समावेश गर्न पैरवी तथा वकालत गर्ने कार्यलाई प्राथमिकता दिइएको थियो । अर्कोतर्फ अन्तरिम संविधान तथा सरकारको त्रि-वर्षीय योजना (२००७-२०१०)मा भूमि सुधारको विषय समावेश गर्नका लागि उत्तिकै पहल गरिएको थियो ।

## पञ्चवर्षीय कार्यावधि (२००९-२०१३)

भूमि अधिकार आन्दोलनको विस्तृत रणनीतिक कार्ययोजना (२००९-२०१३) पहिलो संविधान सभाको निर्वाचनपश्चात अत्यन्तै संवेदनशील समयलगत्तै सुरु भएको थियो । यस अवधिमा भूमि सुधारको मुद्दा राष्ट्रिय तहको प्रमुख मुद्दा बनेको थियो । यसै अवधिमा सरकारले उच्चस्तरीय भूमि सुधार आयोग पनि गठन गरेको थियो । यसैगरी विकास साझेदार संस्थाहरू भूमि अधिकार आन्दोलनलाई अगाडि बढाउन सहयोगी बनेका थिए भने हकवाला किसान पनि सङ्गठित भई शान्तिपूर्णतवरले अधिकार दाबी तथा अभ्यास गरी आफ्नो जीवनमा चाहेको परिवर्तन ल्याउन लालायित थिए । रणनीतिक योजना विस्तृत अध्ययन एवम् परामर्श गरी प्रमुख सरोकारवालाहरू[१] को योगदानबाट तयार गरिएको थियो । यो योजनाले विगतका आधारभूत कार्य तथा उपलब्धि समायोजन गर्दै द्रुत गतिमा परिवर्तन भइरहेको राजनीतिक परिवृत्तमा उपलब्ध अवसरहरूको महत्तम उपयोग गर्ने लक्ष्य राखेको थियो ।

१ प्रमुख सरोकारवाला भन्नाले अन्यलगायत् सन् २००८ अगस्टमा साधारण सभामा भाग लिने सदस्यहरू, आत्मनिर्भर केन्द्रसँग सम्बद्ध जनसङ्गठनहरू, विज्ञ, अनुसन्धानकर्ता एवम् भूमि अधिकारका लागि सहकार्य गरिरहेका संस्थाहरू, जस्तै- एक्सनएड नेपाल, केयर नेपाल, डानिडा ह्युगो, अक्स्फाम र अन्तर्राष्ट्रिय भूमि सञ्जाललगायतका अन्तर्राष्ट्रिय साझेदार संस्थाहरू भन्ने बुझिन्छ।

# ३.३ भूमि अधिकार आन्दोलनका उपलब्धि

### हकवालाहरूको सङ्गठन गाउँ भूमि अधिकार मञ्चको सवलीकरण

भूमि अधिकार आन्दोलनले रूपान्तरण र परिवर्तनका लागि एक शक्तिशाली जनाधार र जनसङ्गठन तयार गरी स्थानीयदेखि केन्द्रीय तहसम्म हकवालालाई सङ्गठित एवम् परिचालन गरिरहेको छ। हाल ३४,०४५ महिला र ४१,७८५ दलित, ३३,७८५ जनजातिलगायत ९६,५३० सदस्यतासहित ५३ जिल्लाका १९ नगरपालिका र ६२६ गाविसमा क्रियाशील छ। यो कार्यलाई सहजीकरण गर्न समुदायस्तरमा २,८५३ गाउँ भूमि अधिकार मञ्च निर्माण भएका छन्। जसमा १,१९४ महिला, ९२५ दलित र ८८० जनजाति गरी २,३७० अगुवा जुटिरहेका छन्। त्यसैगरी ३८ महिला, ३१ दलित र ४१ जनजाति गरी ८१ जना कार्यकर्ता समुदायस्तरको भूमिसम्बन्धी गतिविधिमा परिचालित छन्। यसबाट ९,४९१ अतिरिक्त परिवारले जमिन प्राप्त गरेका छन् भने अधिकार आन्दोलनलाई जीवनयापनको अवसर तथा सहकारीसँग जोड्ने कार्य पनि भएको छ। सन् २००८ मा ३९० सदस्यसहित १३ वटामात्र कृषि सहकारी थिए भने सन् २०१३ सम्म आइपुग्दा यो सङ्ख्या बढेर ८२ पुगेको छ जसमा ५,४८३ सदस्य आबद्ध छन्। यसैगरी कृषिमा आधारित उद्यमशीलताबाट लाभान्वित हुने परिवारको सङ्ख्या सन् २००८ मा ३०० बाट बढेर २०१३ सम्म ३,४०७ पुगेको छ।

### नीतिगत सुधार

नीतिगत सुधार सम्बन्धमा भूमि अधिकार आन्दोलनले केही सफलता हासिल गरेको छ। यसबीचमा सरकारले भूउपयोग नीति पारित गरेको छ। हलिया पुनर्स्थापनाको कार्ययोजना बनी लागु भइरहेको छ। राष्ट्रिय भूमि नीति तर्जुमा भइरहेको छ। भूमि अधिकार आन्दोलनले माग गरेबमोजिम सरकारले उच्चस्तरीय भूमि सुधार आयोगका प्रतिवेदनहरूमा आधारित भई १३ बुँदे कार्ययोजना तयार गरी सार्वजनिक गरेको छ। सरकारले सबैखाले कृषि बँधुवा मजदुरलाई सम्बोधन गर्न एउटा छुट्टै नयाँ नीति ल्याउने निर्णय गरेको छ।

### जमिनमाथि महिलाको पहुँच

नेपाल सरकारले आर्थिक वर्ष २०६७/६८ बाट श्रीमान्को नाममा रहेको जग्गाधनी प्रमाणपुर्जालाई संयुक्त पुर्जा बनाउन चाहेमा जम्मा रु. १०० मात्र दर्ता शुल्क लाग्ने नीति लागु गरेको छ। यसैगरी सरकारले महिलाले खरिद गर्ने जग्गाको दर्ता शुल्कमा पनि सहरी, पहाडी र हिमाली क्षेत्रमा क्रमशः २५, ३० र ४० प्रतिशत छुट दिने व्यवस्था गरेको छ। यो नीतिले भू-स्वामित्वमा भएको लैङ्गिक असमानता कम गरेको छ।

सन् २००८ मा भूमि अधिकार तथा भूमिमा पहुँच हुने महिलाको सङ्ख्या केवल १,०३२ मात्र थियो भने योजनाको अन्त्यतिर उक्त सङ्ख्या बढेर २,६१८ पुगेको छ। संयुक्त पुर्जा बनाउन इच्छा गर्नेको सङ्ख्या बढेर गइरहेको छ। यो अभियान ३० भन्दा बढी जिल्लामा सञ्चालित छ। अभियानको परिणामस्वरूप करिब ६७४ परिवारले संयुक्त पूर्जा बनाइसकेका छन्। भूमिमाथिको पहुँचले महिलालाई केवल सुरक्षा एवम् पहिचान मात्र दिएको छैन यसले उनीहरूलाई सामाजिक तथा जीवनयापनको सुरक्षा पनि प्रदान गरेको छ। यसले महिलालाई स्थायित्व तथा सुरक्षा प्रदान गर्नुका साथै घरेलु हिंसाबाट जोगाई उनीहरूमा निर्णय क्षमतासमेत विकास गरेको छ।

## उपलब्धी

भूमि अधिकार र परिवर्तनका लागि हकवाला किसानका सङ्गठन **५३ जिल्ला, १९ नगरपालिका** र **६२६ गाविस** मा क्रियाशील छ।

यस सङ्गठनमा **९६,५३० सदस्य** छन्।

जसमा **३४,०४५ महिला** र **४१,७८५ दलित** सम्मिलित छन्।

हकवालालाई सङ्गठित एवम् परिचालन गर्ने कार्यलाई सहज गर्न समुदायस्तरमा

**२,८५३ गाउँ भूमि अधिकार मञ्च** निर्माण भएका छन् ।

८१ जना कार्यकर्ता समुदायस्तरको भूमिसम्बन्धी गतिविधिमा परिचालित छन् । यसबाट **९,४९१ अतिरिक्त परिवारले जमिन प्राप्त गरेका छन्** भने अधिकार आन्दोलनलाई जीवनयापनको अवसर तथा सहकारीसँग जोड्ने कार्य पनि भएको छ ।

**२,३७० अगुवा**

१,१९४ महिला
९२५ दलित
८८० जनजाति

**८१ कार्यकर्ता**

३८ महिला
३१ दलित
४१ जनजाति

सन् २००८ मा ३९० सदस्यसहित १३ वटामात्र कृषि सहकारी थिए, सन् २०१३ सम्म आइपुग्दा यो सङ्ख्या बढेर ८२ पुगेको छ जसमा ५,४८३ सदस्य आबद्ध छन् ।

कृषिमा आधारित उद्यमशीलताबाट लाभान्वित हुने परिवारको सङ्ख्या सन् २००८ मा ३०० बाट बढेर २०१३ सम्म **३,४०७** पुगेको छ ।

### सामुदायिक भूमि सुधार

गत रणनीतिक योजनावधिमा सामुदायिक भूमि सुधार कार्यक्रमलाई ५ जिल्लाका ५ वटा गाविसमा सञ्चालन गरिएको थियो। स्थानीय सरोकारवाला, राजनीतिक दल तथा स्थानीय निकायसमेतको सहयोगमा मूलतः स्थानीय समुदायको संयुक्त प्रयासले सामुदायिक भूमि सुधारको अभ्यासलाई बढावा दिइएको थियो। यसबाट प्राकृतिक संसाधन व्यवस्थापनमा समेत स्थानीय बासिन्दाको संलग्नतामा उल्लेख्य वृद्धि भएको छ।

हाल प्रमुख सरोकारवालाबीच समुदाय, गाविस तथा जिल्ला तहमा भूमि तथा कृषि सुधारका सवाल छलफलका महत्वपूर्ण विषयवस्तु बन्ने गरेका छन्। समुदायमा तुरुन्तै समाधान गरिनुपर्ने विषयवस्तु पनि केन्द्रीय तहमा ल्याइपुऱ्याउनुपर्ने अवस्था अन्त्यका लागि यो प्रक्रिया उपयोगी हुने देखिएको छ। केही हदसम्म यो संयुक्त प्रयास अरू क्षेत्रमा समेत उपयोगी भएका छन्, जस्तै- स्थानीय प्रशासन तथा सरोकारवालासँग गरिने प्रभावकारी वार्ता, सामुदायिक वनका खाली जग्गा तथा उपयोगमा नआएका कृषियोग्य जमिन भाडामा लिई सामुदायिक खेती गर्ने सफल कार्यक्रम आदि।

### कृषि सहकारीका माध्यमले जीविकोपार्जनमा सहयोग

स्थानीयस्तरमा कृषि सहकारीले भूमि अधिकार आन्दोलनलाई दिगो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। धेरैजसो सहकारीको सुरुवात बचत तथा ऋण समूहका रूपमा भए तापनि हाल आएर यिनीहरू गरिब जोताहा तथा भूमिहीनहरूको जीविकोपार्जनका लागि पनि उत्तिकै प्रयासरत छन्। यो प्रक्रियाले खासगरी वैकल्पिक अर्थव्यवस्थाको विकासका लागि संस्थागत विकास तथा स्थानीय पुँजीको उपार्जनलाई महत्व दिन्छ।

### समन्वयात्मक कार्यको सवलीकरण

आत्मनिर्भर केन्द्र तथा राष्ट्रिय भूमि अधिकार मञ्चले नयाँ नीति तर्जुमा गर्न तथा तिनीहरूको सफल कार्यान्वयनका लागि सरकारसँगको समन्वयात्मक भूमिकालाई प्राथामिकता दिएको छ। भूमि अधिकारको मुद्दालाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग जोड्दै ती अधिकारको वास्तविक पहिचान गर्न अन्य मानव अधिकार सङ्गठनसँग मिलेर कार्य भइरहेको छ। आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्च अन्तर्राष्ट्रिय भूमि सञ्जाल र मञ्च एसियाली किसान सङ्गठनको सदस्य बनेका छन्। उक्त सम्बन्धले नेपालको भूमि अधिकार आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गरेको छ।

## ३.४ प्रमुख सरोकारवालाको भूमिकाको समीक्षा

भूमि अधिकार आन्दोलनलाई प्रभाव पार्ने धेरै सरोकारवाला निकाय छन्। आ-आफ्ना क्षेत्रमा तिनीहरू प्रत्येकको छुट्टै किसिमका भूमिका छ। यस सन्दर्भमा आत्मनिर्भर केन्द्र तथा राष्ट्रिय भूमि अधिकार मञ्च आन्दोलनका प्रमुख कर्ता हुन्। आत्मनिर्भर केन्द्रले मूलतः स्रोत व्यवस्थापन र सहजीकरणको कार्य गरिरहेको छ। त्यस्तै राष्ट्रिय भूमि अधिकार मञ्चले आन्दोलनको नेतृत्व लिइरहेको छ। भूमि अधिकार आन्दोलनलाई

सकारात्मक तथा नकारात्मकरूपमा प्रभाव पार्ने अन्य संस्थामा क) गैरसरकारी संस्थाहरू, ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, ग) द्विपक्षीय विकास निकायहरू, घ) सरकारी संयन्त्र तथा राजनीतिक दलहरू र सञ्चार क्षेत्र छन् । प्रत्येक सरोकारवाला संस्थाले भूमि अधिकार आन्दोलनमा प्रभाव पार्न निम्नलिखित भूमिका खेल्न सक्छन् ः





## राष्ट्रिय भूमि अधिकार मञ्च

- नेपालको भूमि तथा कृषि अधिकार आन्दोलनको अगुवा सङ्गठनका रूपमा भूमि अधिकार मञ्चलाई राष्ट्रिय, क्षेत्रीय, जिल्ला र गाउँ तहमा स्थापित गराउने ।
- सङ्गठनका सदस्यको ज्ञान बढाउन र भएको ज्ञान तिखार्न आवश्यक परिवेश विश्लेषण, नियमित समीक्षा, बैठक आदि कार्यक्रम गर्ने ।
- भूमि अधिकारबाट वञ्चितहरूलाई लोकतान्त्रिकतवरले सङ्गठित गर्ने, अधिकारबारे तिनलाई सचेत तुल्याउने र अधिकारका लागि व्यवस्थिततवरले परिचालित गर्ने ।
- राष्ट्रिय तहका आन्दोलनको योजना र सञ्चालन तथा स्थानीय तहमा सवाल केन्द्रित अभियानहरू गर्ने ।
- स्थानीय स्रोतहरूको खोजी, उपार्जन र परिचालन गर्ने ।
- राजनीतिक दल, नीति निर्माता एवम् अन्य सरोकारवालाहरूसँग सम्बन्ध निर्माण एवम् विस्तार गर्ने ।
- भूमि अधिकार आन्दोलनका परिणाम एवम् उपलब्धिको अनुगमन तथा समीक्षा गर्ने ।

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

- नेपालको भूमि तथा कृषि अधिकार आन्दोलनमा एक प्रमुख एवम् नेतृत्वदायी राष्ट्रिय स्रोत संस्थाका रूपमा जिम्मेवारी बहन गर्ने ।
- विभिन्न सहयोगी संस्था र रणनीतिक साझेदारहरूबाट प्राप्त आर्थिक स्रोत परिचालन गर्ने तथा परिचालित स्रोतहरूप्रति पूर्ण जवाफदेहिता बहन गर्ने ।
- भूमि अधिकार आन्दोलनलाई रणनीतिक सहयोग गरी आन्दोलनमा ऐक्यबद्धता जनाउने ।
- भूमि अधिकार आन्दोलनलाई बढावा दिनका लागि सवालसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था एवम् निकायहरूसँग सम्बन्ध, सम्पर्क एवम् सञ्जाल निर्माण गर्ने ।
- भूमि तथा कृषि सुधारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूको समीक्षा गर्न एवम् गरिबमुखी नीति निर्माण तथा भूमि सुधारलाई बढावा दिन नीति वकालत कार्यको सहजीकरण गर्ने ।
- भूमि अधिकार आन्दोलनलाई मूलधारका सामाजिक आन्दोलनहरूसँग जोड्ने ।
- सरकारलाई भूमि र कृषि सुधारसँग सम्बन्धित आवश्यक नीति तर्जुमा एवम् लागु गर्ने कार्यमा सहयोग गर्ने ।
- समग्र परिणाम तथा उपलब्धिको अनुगमन तथा समीक्षा र अभिलेखन गर्ने ।

## सहयात्री गैरसरकारी संस्थाहरू

- भूमिहीनहरूको नैतिक, बौद्धिक र साङ्गठनिक शक्ति वृद्धि गर्ने ।
- स्थानीय सङ्गठनहरूलाई बलियो बनाउन उनीहरूलाई प्राविधिक तथा व्यावसायिक ज्ञान र प्रविधि प्रदान गर्ने ।
- सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारी तथा सहयोगको खोजी एवम् पहिचान गर्ने ।
- विभिन्न तहमा सरोकारवाला व्यक्तिहरूसँग भूमिहीनहरूको हितमा बहस पैरवी एवम् वकालत गर्ने ।
- स्थानीय तहमा आन्दोलनका ज्ञान, सिकाइ तथा परिणामहरूको अभिलेखीकरण गर्ने ।
- भूमि अधिकार आन्दोलनका लागि आर्थिक स्रोतको जोहो र परिचालन गर्ने ।

## अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू

- मानव अधिकारको रक्षा, सामाजिक न्याय, गरिबीविरुद्ध लड्ने तथा दिगो शान्ति प्राप्त गर्ने एक आधारभूत साधनका रूपमा भूमि अधिकार आन्दोलनलाई बढावा दिने ।
- भूमि अधिकार आन्दोलनलाई अन्य सामाजिक आन्दोलनसँग जोडी सहकार्य गर्ने ।
- नेपालका लागि दिगो तथा गरिबमुखी भूमि सुधारको नमुना तयार गर्न सहयोग गर्ने ।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भूमि अधिकार आन्दोलनका लागि प्राविधिक तथा वित्तीय सहायता प्रदान गर्ने ।
- भूमि सुधारको महत्वलाई सामाजिक परिवर्तनको एक संवाहकका रूपमा वकालत गर्ने ।

## द्विपक्षीय विकास संस्थाहरू

- भूमि अधिकारलाई भूमिहीनहरूको सम्मानजनक जीवनयापनको मौलिक अधिकारको विस्तार गर्ने तथा सुधार गर्ने एउटा सशक्त साधनका रूपमा आत्मसात गर्दै सोको प्रवर्धन गर्ने ।
- भूमि अधिकार आन्दोलनलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नैतिक, प्राविधिक एवम् वित्तीय सहयोग प्रदान गर्ने ।
- गरिबमुखी भूमि सुधार गर्नका लागि नेपाल सरकार तथा राजनीतिक दलहरूलाई प्रोत्साहन गर्ने ।

## सरकार तथा राजनीतिक दल

- जीवन तथा मानवीय प्रतिष्ठासँग जोडिएको भूमिलाई भूमिहीनहरूको मौलिक अधिकारका रूपमा स्थापित गर्ने ।
- भूमिमा द्वैध स्वामित्व अन्त्य तथा मोहीहरूको हक सुरक्षित गर्दै गरिबमुखी भूमि सुधार नीति तय गरी लागु गर्ने ।
- उपयुक्त नीतिहरू पहिचान गरी लागु गर्दै कृषि उत्पादकत्व वृद्धि गर्ने एवम् खेतीयोग्य जमिन संरक्षणका लागि कानुनी आधार तय गर्ने ।

- भू-उपयोग नीति भूमिहीन तथा सीमान्त किसानहरूको हितमा तय गरी लागु भएको सुनिश्चित गर्ने ।
- भूमिहीन तथा नागरिक समाजका सदस्यका सङ्गठनहरूसँग रचनात्मक समन्वय गरी भूमिसम्बन्धी कार्यहरूको निर्णय प्रक्रियामा तिनीहरूको संलग्नता कायम गर्ने ।
- चुनावी घोषणापत्रमा गरिएका प्रतिबद्धता तथा विभिन्न समयमा भएका सम्झौता लागु गर्ने ।
- भूमि सुधार कार्यक्रम लागु गर्न तथा भूमिहीन र सीमान्त किसानहरूको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि कार्यकारी अधिकारसहितको एक उच्चस्तरीय भूमि आयोग गठन गर्ने ।

### सञ्चार जगत

- भूमिहीन तथा सीमान्त किसानको मानव अधिकार उल्लङ्घन, बेदखली, मोहियानी हक खारेजी तथा अनुपयुक्त ज्यालाका घटनाबारे सूचना प्रवाह गर्ने ।
- मोहियानी हक सुरक्षा तथा गरिबमुखी भूमि सुधारको अधिकार जस्ता महत्वपूर्ण मुद्दामा जनमत बढाउने ।
- भूमि अधिकारको सुरक्षा तथा वकालत गर्नेहरूलाई जवाफदेही बनाउने ।

## ३.५ रणनीतिक साझेदारीको समीक्षा

सन् २००७ मा लागु गरिएको परियोजनाबाट प्राप्त अनुभव, उपलब्धि एवम् समीक्षाका आधारमा भूमि अधिकार एक बृहद् प्रकृतिको मुद्दा भएकाले राष्ट्रिय तहमा नीतिगत वकालतका लागि आन्दोलनलाई सबै साझेदारको संयुक्त कोष (बास्केट फन्ड) स्थापना गरी सञ्चालन गर्नु किफायती र उपयुक्त हुने महसुस भएको थियो । एउटै प्रकृतिको काम भएकाले समुदाय र जिल्लास्तरका काममा तालमेल मिले पनि नीतिगत काममा दोहोरोपना हुने र व्यवस्थापकीय काममा बढी समय लाग्ने भएकाले यसो गर्नु जरुरी भइसकेको थियो ।

आत्मनिर्भर केन्द्र र अन्तर्राष्ट्रिय साझेदारबीच भएको सघन परामर्शको परिणामस्वरूप रणनीतिक कार्ययोजना २००९-२०१३ लाई संयुक्तरूपमा सहयोग गर्न अन्तर्राष्ट्रिय दातृ निकायहरू डानिडा ह्युगो, एक्सनएड नेपाल, क्यानेडियन सहयोग नियोग, केयर नेपाल, एमएस नेपाल र अक्सफामबीच रणनीतिक साझेदारी कायम भएको थियो जसमा एउटा साझा (क) ब्याङ्क खाता, (ख) वार्षिक संयुक्त समीक्षा, (ग) अर्धवार्षिक प्रगति प्रतिवेदन र वित्तीय विवरण र (घ) रणनीतिक साझेदारबीच आवाधिक बैठक गर्ने सहमति भएको थियो । यस अवधीमा नै लथरन र भिएसओ पनि यस प्रक्रियामा सामेल भएका थिए ।

पाँच वर्षयता आत्मनिर्भर केन्द्र आर्थिक स्रोतका लागि यसका रणनीतिक साझेदारहरूसँग पूर्णरूपले आश्रित रहँदै आएको छ । साझा व्यवस्थापन चक्रमा आधारित रणनीतिक साझेदारीलाई आत्मनिर्भर केन्द्रको आर्थिक वर्षमा समायोजन गरिएको छ । यो नमुनाले आवधिक प्रतिवेदन तयारी एवम् रणनीतिक साझेदार र आत्मनिर्भर केन्द्रबीच हुने छलफललाई सहजीकरण गरेको छ । साथै यसले चुस्त एवम् सवल वित्तीय व्यवस्थापन गरी लेखा प्रणालीलाई संस्थागत गर्नुका अलावा रणनीतिक मार्ग तय, कार्ययोजना तर्जुमा एवम् कार्यान्वयनका साथै व्यवस्थापकीय ढाँचा र पद्धति एवम् कर्मचारीको क्षमता अभिवृद्धिमा पनि योगदान गरेको छ । परिणामस्वरूप स्रोत परिचालन र दिगोपनमा महत्वपूर्ण योगदान पुगेको छ । यद्यपि यस रणनीतिक

साझेदारीले केही चुनौती पनि सामना गर्नुपरेको थियो ।

सन् २०११ मा डानिडा ह्युगोका लागि नीति अनुसन्धान तथा विश्लेषण केन्द्रले रणनीतिक साझेदारी नमुनाको प्रभावकारिता सम्बन्धमा गरेको एक स्वतन्त्र मूल्याङ्कनअनुसार रणनीतिक साझेदारी, दाता समुदाय र गैससबीचको सामीप्यता पत्ता लगाउने कार्यबाट निकै टाढा छ । देखिएका प्रमुख चुनौतीमा (क) सहकार्यमा संलग्न दाताहरूमा विविधता, (ख) रणनीतिक साझेदारी अवधारणाबारे सबै सहयोगीलाई बुझाउन समय लाग्ने, (ग) आर्थिक सहयोग प्रतिबद्धताको तालमेल, बाँडफाँट एवम् प्रतिवेदन पेश गर्ने समय फरकफरक अपेक्षा गर्नु आदि छन् । आगामी दिनमा यी विषयलाई दोहोरिन नदिन ५ वर्षको बृहत् कार्ययोजना र त्यसमा सबैको आर्थिक स्रोतको प्रतिबद्धता टुङ्गो गर्नुपर्नेछ । साथै रणनीतिक साझेदारीलाई अझै व्यवस्थित गरेर दिगोपना बढाउनु आवश्यक छ ।

## ३.६ आन्दोलनका सिकाइ

भूमि अधिकार आन्दोलन सहजीकरणका क्रममा प्राप्त सफलता र असफलताबाट प्राप्त केही प्रमुख सिकाइ यस प्रकार छन् :

**गरिबमुखी भूमि सुधार लागु गर्नेगरी राजनीतिक इच्छाशक्ति जगाउन, नागरिक आन्दोलनबाट निरन्तर दबाब र प्रमुख सरोकारवालाबाट गरिने संयुक्त वकालतबीच तादात्म्यता हुनुपर्छ ।** भूमि अधिकार आन्दोलन सफल हुनका लागि दृढ एवम् दीर्घकालीन राजनीतिक प्रतिबद्धता आवश्यक पर्छ । आत्मनिर्भर केन्द्र, अन्य विकास साझेदार संस्था तथा नागरिक समाजका अगुवाहरूको निरन्तर पहल र भूमिहीन तथा सीमान्त किसानका पक्षमा जनमत निर्माण गर्नेखालको आन्दोलनको दबाबले मात्र गरिबमुखी भूमि सुधार सम्भव छ ।

**नवउदारवादी आर्थिक नीतिले भूमि अधिकार आन्दोलनका आकाङ्क्षाहरूलाई बाधा पुर्‍याउन सक्छ ।** नवउदारवादले बजार शक्तिलाई बढी प्राथमिकता दिने हुनाले विपन्न वर्गकाहरूले यसमा सहभागी हुन ठाउँ पाउँदैनन् । त्यसैले गरिबमुखी आन्दोलनका रूपमा रहेको भूमि अधिकार आन्दोलनले नवउदारवादी नीतिलाई बढावा दिने प्रभावशाली व्यक्तित्वहरूसँग आलोचनात्मकरूपले कार्यगत एकता गरी यिनीहरूबाट सम्भव भएसम्म फाइदा लिने तथा आवश्यकताबमोजिम उनीहरूविरुद्ध सङ्घर्ष गर्न पनि आफूलाई तयारीमा राख्नुपर्छ ।

**अन्यायविरूद्ध सामूहिक आवाज उठाउन तथा स्थानीयस्तरमै समस्याको समाधान खोज्न र भूमि अधिकारबाट वञ्चितको सङ्गठन र भूमि सिकाइ केन्द्र महत्वपूर्ण माध्यम हुन् ।**

भूमि अधिकारबाट वञ्चितहरूलाई आफ्ना अधिकार एवम् स्थानीय परिस्थिति र सन्दर्भप्रति संवेदनशील बनाउनमात्र होइन, सिकाइ केन्द्रहरू त्यस्ता व्यक्तिलाई परिचालन गर्ने कार्यमा समेत एकदमै सफल भएका

छन् । यस्ता समूहले विशेषगरी समुदायका मुद्दा पहिचान गर्ने तथा तिनीहरूको निराकरण गरी हकवालालाई लाभ (जस्तै- विभेदपूर्ण अभ्यासविरुद्ध सामूहिक आवाज उठाउन र बचत तथा ऋण सङ्कलन जस्ता कार्यबाट आर्थिक सहयोग जुटाउन) पुर्‍याउने कार्य गरेका छन् । यसमा पनि तुलनात्मकरूपमा बढी सक्रिय समूहहरू दिगोरूपले सञ्चालित छन् ।

**नयाँ क्षेत्रमा काम सुरू गर्नुपहिले सजगता अपनाउनुपर्ने :** भूमि अधिकार आन्दोलन विस्तार गर्ने क्रममा नयाँ गाविस वा जिल्लामा काम गर्नुपूर्व त्यस क्षेत्रको गहिरो परिवेश विश्लेषण, उक्त क्षेत्रको भूमि अधिकारका सवालमा जानकारी हासिल, भूमि तथा कृषि सुधारका विषयमा अभिमुखीकरण, सम्भावित अगुवा पहिचान र विश्लेषण गरेरमात्र काम थालनी गर्नुपर्छ । यी काम गर्दा ती क्षेत्रबाट माग भएमा र भित्री चासो भेटिएमा मात्र काम प्रभावकारी हुन सक्छ ।

**भूमिसम्बन्धी विवाद समाधानका लागि सही मध्यस्थकर्ताको आवश्यकता :** विभिन्न तहमा हुने भूमिसम्बन्धी विवाद र समस्या समाधान गर्न केवल भूमि अधिकारबाट वञ्चितहरूमात्र संलग्न भएर पुग्दैन । यसले समय पनि धेरै लिने हुन्छ । यसो हुँदा यी विषयमा मध्यस्थता गर्न सक्ने व्यक्तिको अगुवाईमा विवादका दुवै पक्ष भूमिहीन र जग्गावाल दुवैसँग संवाद गर्न सक्नुपर्छ । सङ्गठित प्रतिरोधको एकतर्फी आयामले मात्र भूमि विवाद अन्त्य गर्न लामो समय लिने गर्छ । जग्गाधनी तथा अन्य प्रमुख सरोकारवालाको संलग्नताद्वारा यो कार्य विस्तार गर्नु जरुरी छ जसले भूमि अधिकारकर्मीलाई संवेदनशील बनाई सामाजिक न्यायप्रति सचेत बनाउँछ ।

**अगुवा र अभियानकर्ताको क्षमता नै आन्दोलनका लागि मुख्य चुरो :** स्थानीय तहमा हुने भूमि अधिकार आन्दोलन अनि भूमि तथा कृषि सुधारका कार्यक्रमलाई बलियो बनाउन अगुवा कार्यकर्ता र भूमि अधिकारकर्मीको ज्ञान, क्षमता तथा उत्प्रेरणा कारक तत्व हुन् । अगुवा कार्यकर्ता र भूमि अधिकारकर्मीहरू हकवालालाई सचेत बनाई भूमि अधिकार आन्दोलनमा आकर्षित गर्दै यसमा उनीहरूको सक्रिय सहभागिता गराउने प्रमुख कर्ता हुन् । हकवालालाई परिवेश विश्लेषण गर्न, स्थानीय स्रोत पहिचान गर्न तथा स्थानीय समस्या समाधान गर्न आवश्यक कार्ययोजना तयार गरी लागु गर्ने जस्ता कार्यमा सहजीकरण गर्न अगुवा कार्यकर्ता एवम् भूमि अधिकारकर्मी सबैभन्दा अघिल्लो पङ्क्तिमा रहन्छन् । साथै उनीहरू स्थानीय तहको वकालत, पैरवी तथा बहस छलफलका लागिसमेत महत्वपूर्ण भूमिका खेल्छन् । तसर्थ उनीहरूको क्षमता र सिप महत्वपूर्ण हुन्छन् ।

**अभियान तथा आन्दोलनले एक समयमा एउटामात्र मुद्दालाई प्राथमिकता दियो भने त्यसबाट राम्रो नतिजा निकाल्न सकिन्छ ।** एकै पटकमा सञ्चालित बहुआयामिक मुद्दा, जस्तै- मोही, भूमिहीन, गुठी जग्गाको स्वामित्व र हरूवाचरुवा आदिलाई वकालत तथा अभियानका रूपमा सञ्चालन गर्न अप्ठेरो पर्नुका साथै तिनीहरूलाई निरन्तरता दिन कठिन हुन्छ । विगतका अनुभवले यो बताउँछ कि एक पटकमा एउटैमात्र मुद्दामा केन्द्रित अभियानले वाञ्छित परिणाम ल्याउन सक्ने अधिक सम्भावना रहन्छ ।

**स्थानीय गतिविधिले अपनत्व बढाउने :** स्थानीयरूपमा पहल गरिएका कार्यक्रमले स्वामित्व बढाउनुका साथै स्थिरता पनि कायम गर्छ । सञ्चालित प्रशिक्षण कार्यक्रम, शिविर तथा जीविकोपार्जनका कार्यक्रमले

हकवालाबीच एकप्रकारको गर्व एवम् आत्मसम्मान वृद्धि गरेका छन् भने उक्त कार्यक्रममा सक्रिय सहभागी भई त्यसबाट फाइदा लिन, स्वामित्वको भावना विकास गर्न तथा त्यस्ता कार्यक्रमले दिगोपनका लागि सकारात्मक योगदान गरेका छन् ।

**भूमिबाट वञ्चितहरूलाई भूमि अधिकार आन्दोलनमा लामो समयसम्म संलग्न गराउन आन्दोलनलाई जीविकोपार्जन कार्यक्रमसँग जोड्नु आवश्यक छ :** समग्रमा भूमि अधिकार आन्दोलन निकै लामो समयदेखि जारी रहे तापनि अधिकांश हकवालाका लागि ठोस परिणाम ल्याउन यो असमर्थ छ । भूमिहीन तथा सीमान्त किसान आफ्नो उद्देश्यमा स्पष्ट नभएको अवस्थामा दैनिक जीवनमा छुने क्रियाकलाप नभई लामो समयसम्म आन्दोलनमा सहभागिता जनाउन कठिन हुन्छ । यसो हुँदा सहकारी, कृषि उद्यम, सामूहिक खेती जस्ता कार्य सङ्गठनमा जोड्दा आन्दोलनमा सहभागिता र योगदान बढ्ने पाइयो ।






# ४

# रणनीतिक कार्यढाँचा

## ४.१ रणनीतिक उद्देश्य

भूमि तथा कृषि अधिकार आन्दोलनमा मौजुदा स्रोत तथा क्षमताको प्रभावकारी उपयोग गर्न, विकल्पको विस्तारसहित आफ्नो जीवनमा प्रभाव पार्नेखालका निर्णयमा सामेल हुन तथा आफूलाई अलग्याउने, विभेद गर्ने र पछाडि पार्ने शक्तिहरूको सामना गर्न एवम् नजिकका शक्तिसँग सहकार्य गरी आफ्नो भूमि तथा कृषि अधिकार सुरक्षित गर्न भूमि अधिकारबाट वञ्चितहरू (कृषि श्रमिक, जोताहा, साना किसान) लाई सक्षम बनाइनेछ ।

विगतको रणनीतिक योजना कार्यान्वयन क्रममा भएका सिकाइ र आवधिक मूल्याङ्कनका क्रममा दिइएका सुझावमा आधारित भई यो नयाँ रणनीतिक योजना साउन २०७१-असार २०७६ तयार पारिएको छ। जसका मुख्य प्रतिबद्धता निम्न छन् :

**प्रतिबद्धता १ :** अधिकारवालालाई सङ्गठित र परिचालित गर्दै भूमि तथा कृषि अधिकार दाबी तथा अभ्यासमार्फत जीविकोपार्जनका लागि सक्षम बनाउने छौं ।

### सूचक

- सङ्गठनको संस्थागत विकास प्रक्रियामा संलग्नताको तह
- राजनीतिक दल, नीति निर्माता र सरकारी अधिकारीसँगको संवाद, वार्तालाप आदिको तह
- भूमिहीनको राजनीतिक तथा निर्णायक तहमा प्रतिनिधित्व अवस्था
- जग्गा प्राप्त गर्ने परिवार सङ्ख्या र क्षेत्रफल

- खेतीयोग्य ऐलानी एवम् पर्ती जग्गा उपयोग गर्ने परिवार सङ्ख्या र क्षेत्रफल
- खाद्य उत्पादन बढेका परिवार सङ्ख्या
- आवाश (बसोबास)मा सुधार आएको परिवार संङ्ख्या

## लक्षित प्रमुख नतिजा

- राष्ट्रिय भूमि अधिकार मञ्च र ३७ जिल्ला भूमि अधिकार मञ्चले भूमि तथा कृषि सुधारका अभियानको प्रभावकारी नेतृत्व गरेका हुनेछन् ।
- २१ हजार भूमि अधिकारबाट वञ्चित (भूमिहीन, मोही, साना किसान) ले जग्गाको स्वामित्व पाउनेछन् ।
- ४ हजार परिवारले करिव ७०० हेक्टर ऐलानी एवम् पर्ती जमिन उपयोग गरी आयआर्जन वृद्धि र खाद्य सुरक्षामा सुधार ल्याउनेछन् ।
- राष्ट्रिय तथा जिल्ला भूमि अधिकार मञ्चहरूले सामुदायिक वन उपभोक्ता समूह, स्थानीय सरकार तथा भूमि सुधार आयोगलगायत कम्तिमा ५ वटा निर्णायक तहमा प्रतिनिधित्व गर्नेछन् ।
- करिब १० हजार मोही तथा भूमिहीन किसान परिवारले दिगो खेतीपातीका माध्यमले कृषि उत्पादन बढाउनेछन् ।
- १२ जिल्लाको ३० गाविसमा सामुदायिक भूमि तथा कृषि सुधार अभ्यास सघनरूपमा कार्यान्वयन गरिएको हुनेछ ।

## प्रमुख कार्य

- राष्ट्रिय, जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरूको साङ्गठनिक विकास तथा अगुवा कार्यकर्ताको क्षमता अभिवृद्धि ।
- भूमि शिक्षा एवम् आमसचेतना अभिवृद्धि ।
- अभियान तथा जनपरिचालन ।
- खनजोत गरिरहेको जमिनमा अधिकार दाबी तथा उपयोग ।
- सामुदायिक भूमि तथा कृषि सुधार कार्यक्रम र
- सहकारी संस्थाहरूको सवलीकरण, कोष परिचालन एवम् जीविकोपार्जनसम्बन्धी कार्य ।

## रणनीति

### १. राष्ट्रिय भूमि अधिकार मञ्च र यसका जिल्ला र गाउँ एकाइहरूको साङ्गठनिक शक्ति मजबुत पार्ने ।

उपयुक्त लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा भूमि अधिकार आन्दोलन प्रभावकारी बनाउन राष्ट्रिय भूमि अधिकार मञ्च तथा यसका स्थानीय निकायलाई अझ बढी सक्षम बनाउनु आवश्यक छ । नेपालका

७५ जिल्लामध्ये ५३ जिल्लामा भूमि अधिकार आन्दोलन फैलिसकेको अवस्थामा सदस्यता विस्तारको उपयुक्त आधार, सुशासन र दक्ष जनशक्तिसहितको उपयुक्त साङ्गठनिक ढाँचा हुनु पनि अत्यन्त आवश्यक छ। यसका लागि (क) अगुवा तथा स्थानीय कार्यकर्तामा सहजीकरण एवम् संवाद सिप तथा ज्ञान अभिवृद्धि र (ख) राष्ट्रिय भूमि अधिकार मञ्च तथा यसका स्थानीय निकायमा आन्तरिक सुशासन कायम गर्न आवश्यक क्षमता अभिवृद्धिको पाटोमा काम गरिनेछ।





### २. भूमि अधिकारबाट वञ्चितहरूको खाद्य सुरक्षा तथा जीविकोपार्जन अवस्थामा सुधार ल्याउने।

भूमि अधिकार आन्दोलनमा भूमि अधिकारबाट वञ्चितहरूको दिगो सहभागितालाई कमजोर बनाउने प्रमुख कारक तत्वका रूपमा जीविकोपार्जनको आवश्यक्ता पूरा गर्ने अवसरहरू अभाव छ। तुलनात्मकरूपमा निकै कम भए तापनि विगतका भूमि अधिकार आन्दोलन हकवालाहरूको जीविकोपार्जनमा सुधार ल्याउनेखालका अवसर सिर्जना गर्ने कार्यमा केन्द्रित थिए। त्यसकारण ठोस आर्थिक लाभ दिनेखालका कार्यक्रम लागु गरिनुपर्छ। जसले आधारभूत जीविकोपार्जनको आवश्यक्ता पूरा गर्छन्। ती कार्यक्रममा (क) नमुनायोग्य सामुदायिक भूमि तथा कृषि सुधार कार्यक्रम सञ्चालन जसले अधिकारबाट वञ्चितहरूका जीविकोपार्जनको आवश्यक्तालाई तत्कालीनरूपमा केही हदसम्म भए पनि सम्बोधन गर्छ र (ख) सञ्चालित कृषि सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि तथा विकासलाई महत्वका साथ कार्यान्वयनमा ल्याइनेछ।

### ३. अहिंसात्मक आन्दोलन तथा अधिकारबाट वञ्चितका नेतृत्वमा गरिएका अभियानलाई बढावा दिनु।

जनदबाब तथा शक्ति सङ्घर्षबिना उपयुक्त भूमि सुधार सम्भव छैन। त्यसैले भूमि अधिकार आन्दोलन, भूमिहीन तथा सीमान्त किसानद्वारा नेतृत्व गरिएको हुनुपर्छ। यस प्रक्रियामा अहिंसात्मक मूल्य र विधि पूर्णतः अङ्गिकार गरिनेछ।

**प्रतिबद्धता २ : भूमि तथा कृषि नीति भूमि अधिकारबाट वञ्चितहरूको पक्षमा निर्माण भई सोको कार्यान्वयन थालनी हुनेछ।**

## सूचक

- नीतिहरूमा आन्दोलनले राखेका अडान सम्बोधनको सघनता र सोको कार्यान्वयन पक्ष
- भूमि अधिकारबाट वञ्चित र सरकारी निकायबीच गाउँ, जिल्ला र राष्ट्रिय तहमा सहकार्यको तह
- पारस्परिक परामर्श र सूचना आदान-प्रदान गर्ने कार्यमुखी परिपाटी र तिनका प्रकार
- नीति तथा कानुन निर्माण र कार्यान्वयनको अवस्था (संङ्ख्या)

## लक्षित प्रमुख नतिजा

- भूमि तथा कृषि सुधारको सवाललाई नयाँ संविधानमा यथोचिततवरले सम्बोधन गरिएको हुनेछ।
- भूमि सुधारको सवाललाई सामाजिक तथा आर्थिक सुधारको महत्वपूर्ण मुद्दाका रूपमा राज्य पुनर्संरचना (सङ्घ र स्थानीय सरकारसमेतमा) प्रक्रियामा आत्मसात गरिनेछ।
- राष्ट्रिय भूमि नीति तर्जुमा भई मन्त्रिपरिषद्‌बाट पारित भएको हुनेछ।
- एकीकृत भूमि सुधार ऐन बनी कार्यान्वयनमा आएको हुनेछ।
- सरकारबाट गुठी, बँधुवा मजदुर तथा भूमि करारसम्बन्धी नयाँ ऐन तर्जुमा भई लागु भएको हुनेछ।
- ऐन र नियमावली तयार भई राष्ट्रिय भू-उपयोग नीति कार्यान्वयनमा आएको हुनेछ।
- सरकारले संयुक्त पुर्जासम्बन्धी अनिवार्य प्रावधान तय गरी लागु गर्नेछ।

## प्रमुख कार्य

- नीतिगत संवाद, बहस र अन्तरक्रिया
- नीति निर्माताहरूको क्षमता अभिवृद्धि
- नीति तर्जुमा कार्यमा सरकारलाई प्राविधिक एवम् आर्थिक सहयोग।

## रणनीति

### १. केन्द्रित र समन्वयात्मक वकालतीय प्रक्रियासहितका आन्दोलन

विगतका अनुभवमा भूमि अधिकार आन्दोलन, आत्मनिर्भर केन्द्रभित्रको साङ्गठानिक प्रारूप र बाहिरीरूपमा राष्ट्रिय भूमि अधिकार मञ्च र अन्य सहयात्री साझेदार तथा सदस्यहरूसँग परिलक्षित एवम् समन्वयात्मक हुनुपर्छ। यो कार्यमा रणनीतिक साझेदार, अन्य सहयोगी तथा विज्ञहरूको संयुक्त वकालत प्रयासमा सामञ्जस्यता हुनुपर्छ। राष्ट्रिय तथा क्षेत्रीय तहमा भने केही प्रमुख मुद्दामा जोड दिइनु आवश्यक छ। विगतमा सञ्चालित बहुआयामिक अभियान, जस्तै- मोही, भूमिहीन, गुठी जग्गाको स्वामित्व, बँधुवा तथा बेदर्तावाल मोही अधिकारका अभियानको जटिलता एवम् दिगोपनबारे प्रश्न उब्जिएका थिए। त्यसैले एक पटकमा एउटामात्र अभियान सञ्चालन गर्दा राम्रो नतिजा ल्याउन सकिन्छ भन्ने बुझ्नु महत्वपूर्ण छ। यसैगरी बहस छलफलका लागि विशेष सवालमा गहिरो ज्ञान तथा विश्लेषण क्षमता भएका बाह्य विज्ञहरू परिचालनले राम्रो नतिजा निकाल्न सकिन्छ किनकि उनीहरू आफ्ना विचार प्रभावकारी वा शक्तिशालीतवरले राख्न सक्छन्।

### २. नागरिक समाजसँगको सहयोगात्मक गठबन्धन सुदृढ गर्ने तथा सामाजिक न्यायका लागि गरिएका आन्दोलनमा सहजीकरण गरी मानव अधिकारको सम्मान गर्ने।

भूमि अधिकारका मुद्दालाई राष्ट्रिय तथा क्षेत्रीय तहमा मानव अधिकार र सामाजिक न्यायका आन्दोलनसँग समाहित गरिनुपर्छ। यसलाई अन्य मानव अधिकार तथा सामाजिक अधिकारका आन्दोलनसँग जोडिनुपर्छ।

साथै यसले प्रभावशाली मानवाधिकारवादी योद्धाहरूको दृढ समर्थन पनि जुटाउनु आवश्यक छ।

### ३. नीतिगत मामलाका जानकार र प्राज्ञिक व्यक्तित्वसँग कार्य गर्ने।

नीतिगत अनुसन्धान र विश्लेषणमा क्रियाशील थुप्रै व्यक्ति र निकाय छन्। उनीहरूले विभिन्न विधामा अध्ययन गर्ने सन्दर्भमा भूमि र कृषिका मुद्दालाई कम मात्रामा भए पनि छोएका छन्। त्यस्ता अध्ययन र विश्लेषणले धेरैको साझा चासो समेट्ने गरेको छ। आत्मनिर्भर केन्द्रले मूलतः नीति निर्माण तह र राजनीतिज्ञसँग राम्रो सम्बन्ध बनाएका प्राज्ञिक व्यक्ति, संस्था, अनुसन्धानमूलक निकायहरूसँग नीति निर्माणको प्रक्रियामा सहकार्य गर्नेछ। यसले आत्मनिर्भर केन्द्रको कामलाई गुणात्मक बल पुर्‍याई नीति निर्माण र कार्यान्वयनका सन्दर्भमा सहजता ल्याउनेछ।

### प्रतिबद्धता ३. **भूमिमा महिला किसानको अधिकार कायम गरी लैङ्गिक असमानता र विभेद कम गर्ने।**

## सूचक

- जमिनको अधिकार पाउने महिला सङ्ख्या
- पारिवारिक निर्णय गर्ने र जग्गा खरिद एवम् उपभोगको मामलामा महिलाको भूमिकाको सघनता
- महिला हिंसासम्बन्धी प्रहरी एवम् अन्य औपचारिक सङ्गठनहरूमा प्राप्त उजुरी र छिनोफानोको अवस्था प्रतिशत
- भूमिमा महिलाको अधिकार सुनिश्चित गर्न बन्ने र बनेका नीति तथा निर्देशिकाहरू
- जग्गा खरिद र कृषि कार्यमा महिला किसानलाई दिइने छुट र सुविधाहरू
- महिलाको वित्तीय पहुँच वृद्धिको अवस्था
- स्थानीय निकायको निर्णायक तह र नेतृत्वमा महिलाहरूको प्रतिनिधित्वको अवस्था

## लक्षित प्रमुख नतिजा

- महिलाको भूमि अधिकार सुनिश्चित गर्न संवैधानिक तथा कानुनी व्यवस्था हुने।
- १५ हजार परिवारले संयुक्त पुर्जा बनाउने।
- १ लाख महिला अभियान तथा आन्दोलनमा सहभागी हुने।
- भूमिमा लगानी गर्न तथा परिवारको आम्दानी एवम् महिलाको खानपिनको अवस्थामा सुधार गर्न वित्तीय पहुँच वृद्धि गर्ने।
- गाउँ, जिल्ला तथा राष्ट्रिय भूमि अधिकार मञ्चलगायत अन्य निकाय, जस्तै- सामुदायिक वन उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार (गाविस, सरकारले नियुक्त गर्ने राष्ट्रिय संयन्त्रहरूमा निर्णयको अधिकारसहित महिलाको समानुपातिक प्रतिनिधित्व हुनेछ।

## प्रमुख कार्य

- भूमिहीन तथा किसान महिलाको क्षमता अभिवृद्धि तथा तिनको सङ्गठनको संस्थागत विकास गर्ने ।
- निर्णय संयन्त्रमा महिलाको प्रतिनिधित्व बढाउने ।
- राजनीतिक प्रक्रियामा महिलाको सम्बन्ध बलियो बनाउने ।
- वित्तीय तथा अन्य सार्वजनिक सेवामा महिलाको पहुँच वृद्धि गर्ने ।
- नीति विश्लेषण र वकालत

## रणनीति

- महिला नेतृत्व बढाउने ।
- महिलाद्वारा नेतृत्व गरिएका सहकारी तथा उद्योगधन्दा स्थापना गर्ने ।
- संयुक्त पुर्जा अभियानमा अन्य सरोकारवाला निकायसँग सहकार्य बढाउने ।

प्रतिबद्धता ४ : **आत्मनिर्भर केन्द्रलाई सामाजिक आन्दोलनका लागि ज्ञान र स्रोतको थलो एवम् सुशासित नागरिक संस्थाका रूपमा सवल बनाइनेछ ।**

## सूचक

- प्रभावकारी लागु भएका नीति र कानुनको पालना
- सहयोगी संस्था, सरकारी निकाय र राजनीतिक निकायको विश्वासको तह
- गुणस्तरयुक्त अध्ययनको तह, ज्ञानको माग र बाहिरी सरोकारवालाबाट उपयोगको मात्रा
- भूमि तथा कृषिसम्बन्धी बहसमा गैरसरकारी र सरकारी निकायबाट आमन्त्रण र सहभागिताको तह
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहका भूमि, प्राज्ञिक एवम् अनुसन्धानमूलक संस्थाहरूसँगको सम्बन्ध र सहकार्यको तह
- संस्थागत नीति, पद्दती, आचारसंहिता, मूल्य मान्यताको समीक्षा, सुधार र पालना

## लक्षित प्रमुख नतिजा

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा आत्मनिर्भर केन्द्रको भूमिकालाई स्रोत संस्थाका रूपमा विस्तार गर्ने ।
- देशका विभिन्न भागमा तीनवटा स्रोत केन्द्र स्थापना गर्ने ।
- शासन प्रणाली तथा नीतिमा सुधार भएको हुने ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूसँग सहकार्य विस्तार गर्ने ।
- भूमि तथा कृषि सुधारका मुद्दालाई जोड दिन थप मानव संसाधन विकास गर्ने ।

- विश्वविद्यालय, प्राज्ञ तथा नीति निर्माताले आत्मनिर्भर केन्द्रका अनुसन्धान प्रतिवेदन तथा प्रकाशन प्रयोग गरेको हुने ।

## प्रमुख कार्य

- अनुदान वा वित्तीय सहयोगको खोजी र प्रभावकारी उपयोग
- सुशासनसहित संस्थागत विकासलाई मजबुत पार्ने ।
- नीति, प्रणाली, लक्ष्य सूचकहरूलाई स्तरीकृत गर्ने वा गुणात्मक बनाउने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च तथा संयन्त्रहरूसँग सहकार्य गर्ने तथा सहभागिता जनाउने ।
- भूमिसम्बन्धी अध्ययन तथा अनुसन्धान सञ्चालन
- स्रोत सामग्री तथा अध्ययन प्रतिवेदनहरू प्रकाशन

## रणनीति

### १. स्रोत परिचालन तथा साझेदारीमा विविधता

गत रणनीतिक अवधिमा आत्मनिर्भर केन्द्रले पूर्णरूपमा दीर्घकालीन रणनीतिक साझेदारीमा कार्य गरेको थियो । यसका लागि संयुक्त कोष (बास्केट फन्ड) अवधारणा अपनाइएको थियो । यसले भूमि अधिकार आन्दोलनका निम्नलिखित कार्यलाई समग्ररूपले सहयोग गरेको थियो- (क) आन्दोलनसँग सम्बन्धित क्रियाकलाप, (ख) स्थानीय तथा राष्ट्रिय तहमा सञ्चालन गरिने वकालत तथा छलफलसम्बन्धी कार्यहरू, (ग) साङ्गठनिक विकास र (घ) राष्ट्रिय भूमि अधिकार मञ्च तथा अन्य जनसङ्गठनको साङ्गठानिक विकास । यो ढाँचाले आत्मनिर्भर केन्द्रको रणनीति लागु गर्ने लामो अवधिको अनुदान सहयोगका लागि अनुमानित मार्गचित्र सुनिश्चत गरेको थियो । स्रोत परिचालनको यो दृष्टिकोण रणनीतिक उद्देश्यसँग मेल खाने भए तापनि यसले खासगरी मध्यम तथा लामो अवधिका परियोजनामा आधारित अनुदान सहयोग अस्वीकार गरेको थियो । फलस्वरूप स्रोत सीमितताका कारण विशेष भौगोलिक क्षेत्रहरूमा जति मात्रामा संवेदनशील भूमि मुद्दा समाधान गर्न सकिन्थ्यो वा अगुवा नेता तथा कार्यकर्ताको क्षमता निर्माण गर्न सकिन्थ्यो सोही मात्रामा गर्न सकिएन ।

आत्मनिर्भर केन्द्रको रणनीतिक साझेदारीप्रतिको दृढ सङ्कल्पले रणनीतिक संयन्त्रभन्दा बाहिर रहेर विशेष भौगोलिक क्षेत्र तथा भूमि मुद्दाहरूमा यसलाई सहयोग गर्न चाहने सहयोगी बाहिरिए । परिणामस्वरूप हकवालाले परियोजनामा आधारित अनुदानबाट प्राप्त हुने लाभ परित्याग गर्नुपऱ्यो । यो पृष्ठभूमिमा आत्मनिर्भर केन्द्रले आफ्नो अनुदान स्रोत तथा साझेदारीको क्षेत्रमा विविधता ल्याउनुपर्ने देखिन्छ ।

### २. संस्थाको नीति पद्धतिलाई समयानुकूल बनाइनुका साथै पूर्णतः जवाफदेही बनाइनेछ ।

### ३. ज्ञानको निर्माण, अभिलेखन र प्रशारण गरिनेछ ।

# ४.२ साङ्गठनिक स्वरूप

## ४.२.१ मानवीय स्रोत विकास र व्यवस्थापन

### संस्थागत एवम् वैयक्तिक सक्षमता

भूमि अधिकार आन्दोलनलाई सहजीकरण गर्नका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग सानो, छरितो र प्रतिबद्ध कर्मचारी समूह छ। यो रणनीतिक योजना कार्यान्वयनमा ल्याउन अहिलेको कर्मचारी सङ्ख्या पर्याप्त छैन। अभियानलाई भूमि र कृषि अधिकारबारे ज्ञान भएका थप मानवीय स्रोत आवश्यक छ। हरेक जिल्लामा कम्तीमा जिल्लास्तरीय सहजकर्ता चाहिन्छ जसले भूमि अधिकार अभियानलाई अझ सशक्तीकृत गरी अघि बढाउन सकियोस्। यसैगरी अभियान पुगेका सबै गाविसमा कम्तीमा १ अभियानकर्ता हुनु आवश्यक छ।

उनीहरूको प्रमुख जिम्मेवारी जनसङ्गठन सुदृढ गर्नु र भूमि सुधारको वैकल्पिक खाका तयार गरी कार्यान्वयन गर्नु हुनेछ। राष्ट्रिय स्तरमा कम्तीमा ५० कर्मचारी (२५ महिला) जसलाई भूमि र भूमिसँग सम्बन्धित अन्य सवालको ज्ञान भएको, वकालत र लबिङ गर्ने क्षमता भएका, शान्तिपूर्ण ढङ्गबाट आन्दोलन अघि बढाउने क्षमताका साथै मूल्याङ्कन र मनन् गर्ने क्षमता भएका व्यक्ति परिचालन हुनु जरुरी छ।

भूमि अधिकार आन्दोलनको सचिवालयका रूपमा आत्मनिर्भर केन्द्रले आर्थिक स्रोत व्यवस्थापन तथा परिचालन गर्नेछ। केन्द्रले जनसङ्गठन र सहयात्री संस्थाहरूसँग आपसीरूपमा निश्चित मापदण्डभित्र रही वार्षिक योजना र बजेट तयार पारी आपसी सहमति गर्नेछ। सङ्गठन सुदृढीकरण र धेरै अभियान सङ्गठनमार्फत गरिनेछ।

आत्मनिर्भर केन्द्रका प्रतिबद्धता लागु गर्न नीति विश्लेषण तथा वकालतका क्षेत्रहरूमा ज्ञान तथा सिपको आवश्यक्तालगायत मुद्दामा आधारित आन्दोलन तथा अभियान निर्माण तथा प्रवर्धन, क्षमता निर्माण एवम् सङ्गठन सुदृढीकरण, ज्ञान तथा वित्तीय स्रोत परिचालन, मानव संसाधन एवम् साङ्गठनिक विकास जस्ता कुरा आवश्यक पर्छ। यस्ता क्षमता आत्मनिर्भर केन्द्रभित्र पहिलेदेखि नै कायम छन्। यद्यपि केन्द्रले आवश्यक्ताबमोजिम विशेष क्षेत्रहरूमा मानव संसाधनको बाह्य स्रोतको उपयोग पनि गर्नेछ।

आत्मनिर्भर केन्द्रले आफ्नो आन्दोलनको क्षेत्र एवम् गुणस्तरीयता विस्तार गरिरहेको वर्तमान परिवेशमा यसलाई कानुनसम्बन्धी विषयवस्तु, जस्तै- विभिन्न कानुनी प्रक्रियामा उपयुक्त विषयवस्तु छनोट एवम् प्रक्रिया विश्लेषणमा थप ज्ञान तथा जानकारी हुनु आवश्यक छ। साथै आत्मनिर्भर केन्द्रको उद्देश्य उत्पादकत्वमा वृद्धि तथा कृषि कार्यमा सुधार गरी हकवालाको जीवनस्तर उकास्नु रहेकाले उल्लिखित कार्यहरूमा थप सिप आवश्यक पर्ने हुन्छ। यस्ता सिपका क्षेत्रमा रहने दूरी कम गर्न रोस्टर बनाई उपयुक्त विज्ञता (व्यक्तिगत तथा संस्थागत) को व्यवस्था गरिनेछ।

आत्मनिर्भर केन्द्रलाई विभिन्न क्षेत्र, जस्तै- कृषि, भूमि, सहकारी विकास, सामाजिक आन्दोलन तथा

जनसङ्गठन निर्माण एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन सम्बन्धमा जानकारी भएका करिव २०० पूर्णकालीन कर्मचारी आवश्यक छ। त्यसैगरी जनपरिचालन एवम् प्रोत्साहन गर्नका लागि १ हजार जना अगुवा कार्यकर्ता तथा अधिकारकर्मीको आवश्यकता छ।



## पद्धति र नीतिहरूको सवलीकरण

आत्मनिर्भर केन्द्र भूमि अधिकारबाट वञ्चित समुदाय र संस्थालाई सहयोग गर्ने रणनीतिक साझेदारप्रति उत्तिकै जवाफदेही र पारदर्शी हुने कुरामा सचेत व्यवहार गर्नेछ। यसले आफ्ना सदस्य, लक्षित समूह तथा प्रमुख सरोकारवालाप्रतिको जिम्मेवारी तथा पारदर्शितामा सुधार गर्न आफ्ना नीति, प्रक्रिया तथा मानव संसाधनलाई सुदृढ र व्यवस्थित गर्नेछ।

भूमि अधिकार आन्दोलनमा सहजीकरणका लागि भरपर्दो संस्था विकास हुनुपर्छ भन्नेमा आत्मनिर्भर केन्द्र सचेत छ। त्यसैले संस्थाको स्थापनाकालदेखि नै संस्थागत सुदृढीकरणका लागि विशेष पहल गर्दै आइरहेको छ। आत्मनिर्भर केन्द्रले संस्थागत सुशासन नीति बनाई लागु गरेको छ जसमा कार्यसमिति र कर्मचारी समूहबीच शक्तिको उचित बाँडफाँटसमेत उल्लेख छ। त्यस्तै केन्द्रले मानव स्रोत व्यवस्थापन नीति र आर्थिक व्यवस्थापन नीतिलाई संस्थाको स्थापनाकालदेखि नै लागु गर्दै आएको छ। र, यसमा समयसापेक्ष संशोधन पनि गरिएको छ। हालका नीतिमा समय/समयमा समीक्षा गर्रिदै गइनेछ। आवश्यक परेमा नयाँ नीति पनि विकास गरिनेछ।

यसका साथै परिवर्तित सन्दर्भसँग समायोजन हुनेगरी आफ्नो जिम्मेवारीप्रति सचेत रहन, भूमि अधिकार मञ्चहरूको प्रणाली तथा नीतिहरूलाई स्तरीय एवम् मजबुत पार्ने कार्यलाई पनि प्राथमिकतामा राखिनेछ। वार्षिक कार्ययोजना तथा बजेटले लागु गरिनुपर्ने विशेष कार्यक्रमहरूलाई निर्दिष्ट गर्नेछ।

## सदस्यता विस्तार र विविधीकरण

संस्था विकासको एउटा महत्वपूर्ण पाटो भनेको गुणात्मक सदस्यता र यसको विस्तार पनि हो। केन्द्रले कार्यसमितिका पदाधिकारी सङ्ख्याको कम्तिमा ५ गुणा साधारण सदस्य हुनुपर्ने नीति लिएको छ। संस्थाको कार्यप्रकृतिअनुरूपका विविध क्षेत्रमा स्वयम्सेवी हिसावले योगदान दिनसक्ने सदस्य विस्तार गर्नुपर्नेछ। यसो हुँदा गुणात्मक सदस्यता विस्तार एक महत्वपूर्ण मापदण्ड हुन्छ भन्नेमा आत्मनिर्भर केन्द्र सतर्क रहिआएको छ। त्यसैले आत्मनिर्भर केन्द्रले आगामी वर्षहरूमा सङ्गठन विस्तार तथा आफ्ना कार्यक्रममा सरोकारवालाको सक्रिय एवम् अर्थपूर्ण सहभागिता गराउने र सदस्यता विस्तार गर्ने कार्यलाई प्राथमिकता दिनेछ।

## सञ्जालीकरण

आत्मनिर्भर केन्द्र उद्देश्य मिल्ने प्रायःजसो राष्ट्रिय तहका गठबन्धन एवम् सञ्जालहरूको सदस्य छ। साथै यो अन्तर्राष्ट्रिय भूमि सञ्जाल, एसिया भूमि निगरानी समूह, एसिया फोरम, एङ्गक जस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय

सञ्जालहरूको सदस्य छ। यसले ती संस्थाहरूसँगको सहकार्य एवम् गठबन्धनलाई निरन्तरता दिनेछ भने अन्य उपयुक्त संस्थाहरू पनि पहिचान गरी सहकार्य बढाउनेछ।

### क्षमता अभिवृद्धि

रणनीतिक योजनाको अर्को महत्वपूर्ण पाटो भनेको कार्यसमिति, साधारण सदस्य, कर्मचारी र अभियानकर्ताको क्षमता वृद्धि हो। रणनीतिक योजनाले क्षमता विकासका लागि प्रशिक्षण, तालिम र अन्य कार्यक्रम व्यवस्थापन गरेको छ। यी कार्यक्रम वार्षिक योजना र बजेटमा प्राथमिकताका साथ राखिनेछ। सहयात्री संस्था र जनसङ्गठनका पदाधिकारी, कर्मचारी र अगुवा सदस्यको क्षमता अभिवृद्धि पनि यो रणनीतिको प्रमुख प्राथामिकता प्राप्त क्षेत्र हो।

## ४.२.२ संस्थागत संरचना र सम्पत्ति

संस्थाको केन्द्रीय कार्यालयमा कर्मचारी समूह व्यवस्था गरिएको छ। उक्त समूहले आत्मनिर्भर केन्द्रको कार्यकारी समिति तथा साधारण सभाले गरेका निर्णय पालना तथा कार्यान्वयन गर्ने कार्य गर्छ। काठमाडौंमा रहेको सानो आकारको कार्यालयको निरन्तरता हुनेछ भने यसले अन्य संरचनालाई दिने सेवामा चुस्तता कायम रहनेछ। नेपालका पूर्व, मध्य, मध्यपश्चिम तथा पश्चिम गरी चार ठाउँमा स्रोत केन्द्र रहनेछन्। जसमा भूमिसम्बन्धी विशेष मुद्दाहरू उठान गर्न र भूमि तथा कृषि आन्दोलन सञ्चालन गर्नका लागि एक संयोजक, अधिकृतहरू तथा भूमि कार्यकर्ता व्यवस्था गरिनेछ।

यस्ता स्रोत केन्द्रहरू विस्तार गर्न आत्मनिर्भर केन्द्रले जग्गा खरिद गर्नेछ भने चितवनमा रहेको स्रोत केन्द्रको क्षमता अभिवृद्धि गरिनेछ। उक्त केन्द्रहरूको उचित व्यवस्थापन गर्नका लागि सवारी साधन, कम्प्युटर तथा अन्य विद्युतीय सामग्रीको समेत व्यवस्थापन गरिनेछ।

## ४.२.३ सुशासन

सङ्गठनका सबै संरचनामा ५० प्रतिशत महिला रहने व्यवस्था गरिनेछ। सबै जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरू, राष्ट्रिय भूमि अधिकार मञ्च तथा आत्मनिर्भर केन्द्रलाई सामाजिक लेखाजोखा, समीक्षा एवम् सुझावका प्रक्रियाहरूको अवलम्बन अनिवार्य हुनेछन्। यसका प्रत्येक संरचनामा उत्तरदायित्व, पारदर्शिता, पद्धति तथा नीतिको पालना एवम् लोकतान्त्रिक सङ्गठन संस्कृतिको अभ्यास हुनेछ।

## ४.२.४ साझेदारी

### (क) राष्ट्रिय भूमि अधिकार मञ्चसँगको साझेदारी

आत्मनिर्भर केन्द्रको प्रमुख साझेदारी राष्ट्रिय भूमि अधिकार मञ्चसँग हुनेछ जुन बहस पैरवी, वकालत एवम् समुदायस्तरमा गरिने आन्दोलनसँग अन्तर-सम्बन्धित छ। आत्मनिर्भर केन्द्रले जिल्ला भूमि अधिकार

मञ्चहरूसँगको साझेदारीमा आफ्ना प्रमुख कार्यक्रम कार्यान्वयन गर्छ । उक्त साझेदारीले निम्नलिखित प्रक्रियाहरू अवलम्बन गर्छन् :

### (अ) सबैखाले आन्दोलन तथा अभियानसँग सम्बन्धित गतिविधिको सञ्चालन राष्ट्रिय भूमि अधिकार मञ्चको तर्फबाट हुनेछ ।

जिल्ला भूमि अधिकार मञ्चलाई आत्मनिर्भर केन्द्रका तर्फबाट सङ्गठनात्मक विकास एवम् क्षमता निर्माणका लागि आवश्यक सहयोग गरिनेछ । यस्तो सहकार्यभित्र रणनीतिक परामर्श, आन्दोलनको योजना निर्माण, स्रोत परिचालन, ज्ञान उत्पादन र उपयोगका क्षेत्र पर्छन् । रणनीतिक साझेदारीमार्फत प्राप्त हुने रकम मञ्चको मानव संसाधन विकास, सङ्गठनात्मक विकास र अभियान योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा उपयोग गरिनेगरी योजना बनाइनेछ । त्यसपछि राष्ट्रिय भूमि अधिकार मञ्चको सङ्गठनात्मक विकाससम्बन्धी प्रगतिको समीक्षा गरिने र सोको उपलब्धिका आधारमा सहयोगको पुनर्संरचना एवम् निरन्तरतासम्बन्धी कार्य गरिनेछ । यसैगरी राष्ट्रिय भूमि अधिकार मञ्चभित्रका विभिन्न संरचनाको संरचनागत भूमिका र जिम्मेवारी स्पष्ट र संस्थागत गरिनेछ ।

### (आ) आत्मनिर्भर केन्द्रबाट गरिने प्रत्यक्ष सहयोग

स्थानीय निकायहरूबाट गरिने सामुदायिक भूमि सुधार कार्यक्रमलाई बढावा दिन आत्मनिर्भर केन्द्रले खास जिल्लालाई प्रत्यक्ष सहयोग गर्छ र आफ्नै उपस्थितिमा समेत कार्य गर्नेछ ।

भौगोलिक क्षेत्र, साझेदार, परिवेश आदिलाई विचार गरी त्यस्ता जिल्ला र गाविस छनोट गरिनेछ र संस्था स्थापनाको जिल्ला सिन्धुपाल्चोकलाई पनि यसैअन्तर्गत राखिनेछ ।

## (ख) गैरसरकारी संस्था तथा अन्य सरोकारवालासँगको सहकार्य

आत्मनिर्भर केन्द्रले विशिष्ट कार्य, घटना, एवम् परिणामका आधारमा नागरिक समाजका अन्य सङ्गठन, गैसस, शैक्षिक संस्था, सरकारी अधिकारी, किसान सङ्गठन, राजनीतिक दल तथा सामुदायिक संस्थाहरूसँग साझेदारी गरी सहकार्य गर्नेछ ।

साथै आत्मनिर्भर केन्द्रले राष्ट्रिय भूमि अधिकार मञ्च तथा अन्य प्रमुख सरोकारवालासँगको परामर्शपश्चात तय गरिएका निश्चित जिल्लामा परियोजनामा आधारित भूमि अधिकार आन्दोलनका रणनीतिक उद्देश्यलाई अगाडि बढ्न सहयोगी हुने परियोजनामा आधारित सहयोग लिन सक्नेछ ।

सञ्चालन गरिनुपर्ने कार्यक्रमहरूको परियोजनामा आधारित अनुदान सहयोग, प्राथमिकरूपमा यही कार्यका लागि भर्ना गरिएका मानव संसाधनद्वारा र परियोजना प्राप्त भइसकेपछि परियोजना प्रस्तावअनुसार व्यवस्थित हुनेछ । कार्यक्रम लागु गरिने जिल्लाहरूको छनोट भौगोलिक समावेशिता, स्थानीयहरूको माग, परियोजनामा आधारित कार्यक्रमको आवश्यकता, सहयोगी संस्थाको चासो, भूमि अधिकार उल्लङ्घनका घटनाहरूको गम्भीरता, तयारी कार्य तथा साङ्गठनिक विकासको तह र राष्ट्रिय भूमि अधिकार मञ्चका स्थानीय संरचनाहरूको उपस्थितिका आधारमा गरिनेछ ।

## ४.३ ज्ञान तथा सिप व्यवस्थापन

स्रोत केन्द्रहरू भूमि तथा कृषि सुधारको क्षेत्रमा स्रोत संस्थाका रूपमा विकास गरिनेछ। विभिन्न शैक्षिक संस्थासँग मिलेर संयुक्तरूपमा अनुसन्धान गरिनेछ। आन्दोलन र समुदायमा अभ्यास गरिएको रचनात्मक एवम् आत्मनिर्भरमुखी जीविकोपार्जनका पहलहरूको अभिलेखन गरिनेछ। स्रोत केन्द्रहरूमा आधारभूत स्रोत साधनका अलावा भूमि तथा मानव अधिकार, सामाजिक आन्दोलनलगायत भूमिसम्बन्धी विषयमा अनुसन्धान गरेका, भूमि तथा कृषि अधिकारको वकालत गर्ने र नीतिमा बहस पैरवी गर्नसक्ने क्षमता भएका विज्ञ रहनेछन्।

## ४.४ स्रोत परिचालन

### ४.४.१ स्रोतहरूको अनुमान

| विवरण | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | जम्मा |
|---|---|---|---|---|---|---|
| नतिजा १ | ५४,९६०,२२४ | ५६,३९५,६६० | ६०,३४३,३५६ | ६४,५६७,३९१ | ६७,१२०,९१४ | ३०३,३३३,५४४ |
| नतिजा २ | १,२२०,००० | १,१९८,४०० | १,१४४,९०० | १,२२५,०४३ | १,३१०,७९६ | ६,०९९,१३९ |
| नतिजा ३ | ४,६९०,००० | ५,०१८,३०० | ५,३६९,५८१ | ५,७४५,४५२ | ६,१४७,६३३ | २६,९७०,९६६ |
| नतिजा ४ | ५,७१५,००० | ४,२४२,५५० | ४,९८९,५२९ | ४,८५७,२९५ | ५,६९७,३०६ | २५,५०१,६८० |
| कार्यक्रम बजेट | ६६,५३१,२२४ | ६६,८५४,९१० | ७१,८४७,३६५ | ७६,३९५,१८१ | ८०,२७६,६५० | ३६१,९०५,३३० |
| व्यवस्थापन बजेट | १५,९०५,४०४ | १५,६१७,०८२ | १६,७१०,२७८ | १७,८७९,९९८ | १९,१३१,५९७ | ८५,२४४,३५९ |
| **जम्मा** | **८२,४३६,६२८** | **८२,४७१,९९२** | **८८,५५७,६४३** | **९४,२७५,१७८** | **९९,४०८,२४७** | **४४७,१४९,६८९** |

आत्मनिर्भर केन्द्रको आगामी ५ वर्षको अनुमानित खर्च रु.४४ करोड ७१ लाख ९६ हजार ८९ रहेको छ। सो रकम बहुआयामिक स्रोतहरूबाट प्राप्त गरी परिचालन गरिनेछ भने आन्दोलनको शक्ति कायम राख्न आत्मनिर्भर केन्द्रले आफ्नो स्रोतको आधारलाई पनि विस्तार गर्ने उद्देश्य लिएको छ।

राष्ट्रिय भूमि अधिकार मञ्चसँग सहकार्य गरी आत्मनिर्भर केन्द्रले रणनीतिक प्रतिबद्धतालाई आवश्यक पर्ने वित्त व्यवस्थापनका लागि सामाजिक स्रोतहरूको खोजी तथा विकास गर्नेछ। राष्ट्रिय भूमि अधिकार मञ्चले सम्पूर्ण लागतको जम्मा १० प्रतिशत सङ्कलन गर्नेछ। यसका साथै आत्मनिर्भर केन्द्रले स्रोत केन्द्रहरू, साङ्गठनिक सदस्यता तथा अन्य गतिविधिबाट सम्पूर्ण लागतको करिब २ प्रतिशत रकम जम्मा गर्नेछ भने अरू ८८ प्रतिशत लागत रकम बाह्य स्रोतबाट सङ्कलन गर्नेछ।

# ४.५ अनुमान तथा जोखिम व्यवस्थापन योजना

## अनुमान

गरिबमुखी भूमि सुधार तथा स्थिर सरकारका लागि राजनीतिक सहमति निर्माण हुनेछ भन्ने आत्मनिर्भर केन्द्रको अनुमान छ। त्यस्तै आगामी सरकारहरू तुलनात्मकरूपमा स्थिर हुनेछन् भन्ने पनि बुझाइ छ। यस्तै भूमि र कृषि क्षेत्रका लागि नीतिगत सुधारका साथै सम्पत्तिमाथि महिलाको अधिकारसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहने अपेक्षा गरिएको छ।

आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्च भूमि अधिकार आन्दोलनलाई बिनाकुनै राजनीतिक एवम् सामाजिक रोकावट लागु गर्न सकिन्छ भन्नेमा विश्वस्त छन्। साथै राष्ट्रिय भूमि अधिकार मञ्चका स्थानीय निकायलाई आफ्नो संस्थागत दक्षता वृद्धि एवम् परिचालन गर्न यथेष्ठ सहयोग प्राप्त हुनेमा आत्मनिर्भर केन्द्र विश्वस्त छ।

हकवालाहरूलाई सङ्गठित भई आन्दोलनमा सहभागी हुन कुनै पनि प्रकारको बाधा/अड्चन हुने छैन भन्ने आत्मनिर्भर केन्द्रले अपेक्षा गरेको छ। यसले सङ्गठनलाई अनुदान सहयोग तथा अन्य आवश्यक स्रोत सङ्कलन गर्ने कार्यमा सहयोग गर्नेछ।

समुदायका मानिस र त्यसमाथि पनि विशेषगरी गरिब, भूमिहीन, मोही र किसान सङ्गठित भई अधिकारका लागि विभिन्न अभियानमा संलग्न हुँदा कुनै पनि ठाउँबाट आउने बाध/अड्चन सामूहिकरूपमा सामना गर्न सम्भव हुन्छ। अभियानले उठाएका सवाललाई नयाँ संविधानमा समावेश गर्न सम्भव हुनेछ र यस मुद्दामा अधिकारवालाबाहेक सामाजिक न्याय र रूपान्तरणका पक्षधरहरूको सहभागिता हुनेछ।

## जोखिम व्यवस्थापन योजना

| जोखिम | सघनता | व्यवस्थापन कार्यहरू | सूचकाङ्क |
|---|---|---|---|
| क. आन्तरिक जोखिम | | | |
| मानव संसाधन तथा प्रणालीको सन्दर्भमा आर्थिक, प्रशासनिक एवम् अनुगमन कार्यलाई व्यवस्थित गर्ने कार्यमा राष्ट्रिय भूमि अधिकार मञ्च तथा यसका जिल्लास्थित कार्यालयहरूको संस्थागत क्षमतामा कमी रहेको छ। | उच्च | वर्तमान वित्तीय तथा परियोजना व्यवस्थापन संयन्त्रलाई बलियो बनाउँदै मानव संसाधनको उपयुक्त व्यवस्थापनका माध्यमले राष्ट्रिय भूमि अधिकार मञ्चको क्षमता अभिवृद्धि गर्ने।<br>आत्मनिर्भर केन्द्र तथा अन्य साझेदारबाट गरिने जिल्लास्तरीय सहजीकरण कार्यलाई थप बलियो बनाउने। | क्षमता अभिवृद्धिको जिल्लास्तरीय योजना<br>योजना गरिएको क्रियाकलापको कार्यान्वयन<br>योजनाअनुसारको जनशक्ति परिचालन<br>वित्तीय र कार्यक्रम व्यवस्थापनमा आएको सुधारको मात्रा |

| | | | |
|---|---|---|---|
| जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चको समन्वय र सूचना आदान-प्रदान न्यून | उच्च | स्पष्ट जिम्मेवारी र तिनीहरूको जवाफदेहिता चित्र तयार पारी लागु गर्ने । राष्ट्रिय भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रबाट समान प्रतिनिधित्व हुनेगरी कार्यक्रम तथा वित्त अनुगमन समिति गठन भई कार्य गर्ने । | मञ्चहरूको नियमित समन्वय गुनासोहरूको उजुरीमा कमी अनुगमन योजनाको समयमै कार्यान्वयन |
| अनुदानको मात्रामा गरिएको वृद्धिले राष्ट्रिय भूमि अधिकार मञ्चमा गैसस संस्कृतिको विकास हुने सम्भावना छ । | मध्यम | सहभागितामूलकतवरले आचरण तथा जिम्मेवारीको मूल्याङ्कन गरी राष्ट्रिय एवम् जिल्ला प्रतिनिधिहरूबाट स्वीकृत गर्ने । योजना तर्जुमा प्रक्रिया बढी सहभागीमूलक, स्थानीय स्रोतमा आधारित बनाउने । | आचारसंहिता पालनाको तह बजेटको पारदर्शिता र स्थानीय स्रोत वृद्धि |
| कृषि र सहकारीको कामले भूमि र कृषि अधिकारको काम छायाँमा पर्न सक्ने | मध्यम | कृषि सुधार र सहकारीको काम भूमि तथा कृषि अधिकार आन्दोलनको सहयोगी एक हिस्सामात्र भएको विषयमा सदस्य र कार्यकर्तालाई सचेत पार्ने । | कृषि सहकारीले आन्दोलन कोषमा योगदान गरेको सहकारीका सदस्यहरूको भूमि अधिकार आन्दोलनमा सक्रियता |
| राष्ट्रिय भूमि अधिकार मञ्चलाई राजनीतिक हस्तक्षेपबाट अलग्गै राख्ने | मध्यम | कुनै पनि राजनीतिक दलका अग्रणी कार्यकर्ताहरू भूमि अधिकार मञ्चमा गाउँ, जिल्ला तथा राष्ट्रिय तहका कुनै पनि सङ्गठनको सदस्य नरहने कुरा सुनिश्चित गर्ने । | सबै प्रमुख राजनीतिक दलका प्रतिनिधि भूमि अधिकार आन्दोलनका कार्यक्रमहरूमा सहभागी हुनेछन् । राष्ट्रिय भूमि अधिकार मञ्च र अन्तर्गतका स्थानीय निकायहरू कुनै पनि दलविशेष वा समूहविशेषको वकालत गर्ने छैनन् । |
| जीविकोपार्जनसँग सम्बन्धित परियोजनाहरूका लागि आवश्यक पर्ने वित्तीय सहयोगको कमी । | मध्मम | आत्मनिर्भर केन्द्रले वित्त सञ्चालन रणनीति योजना तयार गरेको छ । यस केन्द्रले बृहत् एवम् ठोस प्रस्ताव तयार गरी दातृ निकायहरूमा बुझाउनेछ । | प्रस्ताव लेखिएको हुने र यसका लागि आवश्यक रकम विनियोजित हुने । वार्षिक योजनासँग मेल खानेगरी सहयोग रकम खोजी गरी परिचालन गरिने । |

| ख. बाह्य जोखिम | | | |
|---|---|---|---|
| राजनीतिक नेतृत्व गरिबमुखी भूमि सुधार लागु गर्ने कार्यमा अनिच्छुक देखिन्छन् भने नीति परिमार्जन एवम् लागु गर्ने कार्यमा गरेका प्रतिबद्धताको कार्यान्वयनमा त्यति सकारात्मक छैन । | मध्यम | आवधिक वकालत एवम् आन्दोलन योजना तथा कार्यान्वयनमा आत्मनिर्भर केन्द्रले राष्ट्रिय भूमि अधिकार मञ्च, दातृ निकाय र अन्य सरोकारवालासँग समन्वयकारी भूमिका अवलम्बन गर्ने । | सकारात्मक सन्देश दिने लेख/रचना एवम् प्रतिवेदनको सङ्ख्यामा वृद्धि ।<br>गरिबमुखी भूमि सुधार स्वीकृत भई लागु हुने ।<br>लक्षित समूहले भूमिमा स्वामित्व प्राप्त गर्ने । |
| भूमिहीनहरूको आन्दोलनमा राजनीतिक हस्तक्षेप । | उच्च | राष्ट्रिय तथा जिल्ला भूमि अधिकार मञ्च र राजनीतिक दल एवम् स्थानीय निकायसँगको सहकार्यमा वास्तविक भूमिहीनको तथ्याङ्क सङ्कलन एवम् परिमार्जन गर्ने । | भूमिहीनहरूको लगत सङ्कलनको प्रक्रियामा राजनीतिक दल तथा स्थानीय निकायले भूमि अधिकारकर्मी तथा अगुवा नेतृत्वलाई पर्याप्त स्थान दिई उनीहरूको आवाज सुन्नुपर्ने ।<br>वास्तविक भूमिहीनले औपचारिक बसोबासपत्र एवम् भूमिको स्वामित्व प्राप्त गर्ने । |
| बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव तथा बृहत व्यापारमुखी कृषिको प्रचारप्रसार | मध्यम | सामयिक वकालतको तय एवम् आन्दोलन योजना तथा कार्यान्वयन<br>राज्य संयन्त्रभन्दा बाहेकका प्रमुख सरोकारवालाहरूसँग निरन्तर आलोचनात्मक सहकार्यको अभ्यास भइरहेको छ । | बसोबास अधिकारबाट वञ्चित सुकुम्बासीहरूको निष्कासन हुनुपूर्व वैकल्पिक बसोबास व्यवस्थापनलाई अन्तिम रूप दिइएको । |
| व्यापारिक प्रयोजनका लागि कृषियोग्य भूमिको खण्डीकरण एवम् बेचबिखनमा तीव्रता । | मध्यम | भू-उपयोगको समुचित प्रयोग भए/नभएकोबारे नजिकैबाट अनुगमन गर्ने तथा प्रमाणमा आधारित वकालतको अनुशरण गर्ने । | व्यापारिक प्रयोजनका लागि भइरहेको कृषियोग्य भूमिको खण्डीकरणमा उल्लेख्य गिरावट भएको हुने । |


नयाँ संविधान जारी

# ५

# दिगोपना एवम् निकास योजना

यस सन्दर्भमा दिगोपना भन्ने शब्द आत्मनिर्भर केन्द्रको बुझाइमा हकवालाहरूको हितमा आधारित भूमि अधिकारका कार्यक्रमहरूको निरन्तरता हो । अर्को शब्दमा स्थिरता एक समग्र अवधारणा हो । यसले अनुदान स्रोतहरूमा निरन्तर भइरहने परिवर्तन, कार्यक्रमको स्वरूप, सेवाप्रदायक, समुदायको जनसङ्ख्यामा देखिने परिवर्तन एवम् अन्य तत्वका बाबजुद थप अवधिमा हकवालाहरूको जीवनमा दीर्घकालीन सकारात्मक सुधारहरू सिर्जना गर्नेजस्ता कुरालाई जनाउँछ । कार्यक्रम सञ्चालनका अवस्थामा देखिएका विविध परिवर्तनका बाबजुद आत्मनिर्भर केन्द्रको भूमि अधिकार आन्दोलनबाट सकारात्मक परिणामहरू ल्याउने कुराको निरन्तरता पछिल्ला धेरै वर्षसम्म रहन्छ । स्थिरताका लागि यो रणनीतिले निम्नलिखित कुरामा जोड दिएको छ :

## अवधारणागत स्पष्टता

आन्दोलनको दिगोपना भनेको के हो ? कुन तहका काम कुन तहले गर्न सक्छ ? हामी पुग्न खोजेका कहाँ हौँ ? आदि विषयमा भूमि तथा कृषि अधिकार आन्दोलन तथा कार्यक्रमका सबै प्रमुख व्यक्ति, जस्तै- हकवाला सङ्गठनका आन्दोलनकर्ता, साझेदार तथा कर्मचारी सबैमा स्पष्टता ल्याइनेछ । आत्मनिर्भर केन्द्र यो कार्यक्रममा संलग्न हुने सबैले यो दूरदृष्टिलाई आत्मसात गर्नेछन् भन्ने सुनिश्चित गर्छ ।

## नतिजामा जोड

कार्यक्रम तथा परियोजनाहरूको सम्पूर्ण जोड भनेको सोचिएको उपलब्धि अधिकारवालाको जीवनमा परिवर्तन हासिल गर्नुमा रहनेछ न कि कुनै विशिष्ट कार्यक्रम, सङ्गठन तथा पद्धतिमा । यसभित्र निम्नलिखित कुरा पर्छन्- (क) राष्ट्रिय भूमि अधिकार मञ्च तथा यसका स्थानीय संरचनाको क्षमता अभिवृद्धि तथा

सङ्गठनात्मक विकास गरी यिनीहरूलाई यो रणनीतिक अवधिको अन्त्यसम्ममा सबै भूमि अधिकार आन्दोलनलाई स्वतन्त्ररूपले सञ्चालन गर्न सक्षम बनाइने, (ख) गरिबमुखी भूमि सुधार तर्जुमा गरी कार्यान्वयन गर्ने, (ग) रूपान्तरणमुखी परिवर्तनका लागि नमुनायोग्य सामुदायिक भूमि सुधार तथा कृषि सहकारीहरूलाई बढावा दिइने र (घ) ज्ञान र स्रोतको आधारलाई बलियो बनाउने। यो परिणाममुखी प्रणालीले रणनीतिक साझेदारीको अवधिपश्चात पनि सोचिएका उपलब्धि हासिल गर्ने कार्य जारी रहने कुरा सुनिश्चत गर्छ।

## रणनीतिक वित्तीय लक्ष्य र अभिमुखीकरण

भूमि अधिकार आन्दोलनलाई सहयोग गर्न आत्मनिर्भर केन्द्रले दीर्घकालीन रणनीतिक वित्तीय सहायता प्राप्त गर्ने कार्यमा लामो समयदेखि सफलता पाइरहेको छ। दीर्घकालीन वित्तीय सहायतासम्बन्धी गतिविधि एवम् विभिन्न तहमा बहुआयामिक स्रोतहरूको व्यवस्था गरिने कार्यको निरन्तरता हुनेछ। यसका साथै विभिन्न निश्चित कार्यक्रमहरूका लागि परियोजनामा आधारित अनुदान सहयोग पनि लिइनेछ। राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चद्वारा स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रमका लागि स्थानीयस्तरकै स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ। यसका लागि स्थानीय संरचनाले आन्दोलन कोष विस्तार गर्ने, कृषि सहकारी संस्थाहरूको सहयोग लिने एवम् सदस्यतावापतको रकम जम्मा गर्नेछन्।

## अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय सरोकारवाला निकायहरूबाट पर्याप्त सहयोग

विगतदेखि आत्मनिर्भर केन्द्रले अन्तर्राष्ट्रिय दाता, राष्ट्रिय मानव अधिकार सङ्घ/सङ्गठन, विज्ञ एवम् सामुदायिक कार्यकर्ता, नागरिक समाजका सदस्य तथा सञ्चार प्रतिनिधिहरूबाट सहयोग प्राप्त गरिरहेको छ। सहकार्यको यो रणनीतिले नीति वकालत तथा यसको समर्थन एवम् निर्णयकर्तासम्मको पहुँचलाई सुदृढ बनाउन जोड दिन्छ। यो कार्य सहयात्री एवम् सञ्जालसँगको संयुक्त प्रयासद्वारा र भूमि अधिकार आन्दोलनलाई मानव अधिकार आन्दोलनको मूलधारसँग जोड्ने कार्यबाट उत्प्रेरित हुनेछ।

## प्रमुख अभियानहरूको प्रवर्धन

यो कार्यमा आन्तरिक तथा बाह्य दुवैरूपले प्राथमिकता पाउनेछ। आन्तरिक क्षेत्रका प्रमुख रणनीतिहरूमा (क) भूमि अधिकारबाट वञ्चितहरूलाई भूमि अधिकार आन्दोलनमा आकर्षित एवम् सहयोग गर्न अगुवा कार्यकर्ता तथा अभियानकर्ताहरू विस्तार गर्ने र ख) क्षमता विकास तथा ज्ञानको आधार वृद्धि गर्ने अवसर दिई कार्यकारी समितिका सदस्यहरू तथा आत्मनिर्भर केन्द्रका कर्मचारीहरूको प्रतिबद्धता यथावत् राख्ने पर्छन्। बाह्य क्षेत्रहरूमा राजनीतिक नेताहरू, सञ्चार प्रतिनिधिहरू, मानव अधिकारकर्मी तथा विज्ञहरू पहिचान गरी उनीहरूलाई भूमि अधिकार आन्दोलनको मार्गनिर्देशन एवम् वकालत गर्ने बृहत् अभियानमा सामेल गरिनेछ।

## परिवर्तनशील अवस्थासँग समायोजन

परिवर्तनशील अवस्थासँग तालमेल मिलाउनका लागि आत्मनिर्भर केन्द्रले अपनाउँदै आएको लचकतालाई निरन्तरता दिइनेछ। लक्षित अन्तिम परिणामप्रतिको दृष्टिकोणमा फरक नपर्ने गरी समयसँगै परिवर्तित समग्र सामाजिक, राजनीतिक अर्थतन्त्रको गहन विश्लेषण गरी यसका रणनीति, सेवा तथा पद्धतिहरूको मूल्याङ्कन, पुनर्मूल्याङ्कन एवम् संशोधन गरिनेछ।

## आन्तरिक शासन प्रणालीलाई मजबुत बनाइराख्नु

आत्मनिर्भर केन्द्रले आफ्नो विश्वसनीयता एवम् प्रभावकारिता वृद्धि गर्न सुधारोन्मुख एवम् आन्तरिक सङ्गठनात्मक कार्यहरू, जस्तै- प्रशासन, वित्त व्यवस्थापन, मानव संसाधन, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा जोड दिनेछ।

## दिगोपनाको योजना

दिगोपना र कुनै क्षेत्रमा निश्चित समय काम गरेपछि बाहिरिने कार्यलाई मार्गनिर्देशन गर्न, राष्ट्रिय भूमि अधिकार मञ्च, रणनीतिक साझेदार एवम् दाताहरूलगायत अन्य प्रमुख सरोकारवालाहरूसँगको सहकार्यमा दिगोपना र निकास योजनासमेत तयार गरिनेछ।





# ६

# कार्यान्वयन योजना

## ६.१ नतिजा, सूचक तथा क्रियाकलाप

**नतिजा १ : भूमि अधिकार मञ्चको संस्थागत सवलीकरण र क्षमता अभिवृद्धि भई स्थानीयदेखि राष्ट्रिय तहसम्म भूमि तथा कृषि आन्दोलनको प्रभावकारी व्यवस्थापन र अगुवाई गर्नेछ ।**

| सूचकहरू | लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| आन्दोलनले समेटेको | | | | | | |
| जिल्ला | ३० | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| गाविस | ६२६ | ६२६ | ६२६ | ६२६ | ६२६ | ६२६ |
| परिवार | १००००० | ११०००० | १२०००० | १३०००० | १४०००० | १५०००० |
| सचेतीकरण गरिएको सदस्य र गैरसदस्य सङ्ख्या | २००००० | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० |
| परिचालित गाउँ भूमि अधिकार मञ्च | २००० | २००० | २००० | २००० | २००० | २००० |
| नयाँ गाउँ भूमि अधिकार मञ्च | २०० | २०० | २०० | २०० | २०० | १००० |
| परिचालित अगुवा सङ्ख्या | ५०० | ७५० | ७५० | १००० | १००० | ४००० |
| नयाँ सदस्य सङ्ख्या | २५००० | ५००० | ५००० | ५००० | ५००० | ४५००० |
| सदस्यतापत्र लिई नवीकरण गरेको सङ्ख्या | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुशासन नीति कार्यान्वयन गर्ने जिल्ला मञ्चको सङख्या | १२ | २५ | | | | ३७ |
| जिल्ला भूमि घर | २ | ३ | २ | २ | २ | ११ |
| जिल्ला भूमि किताव<br>र भूमि सुधारको खाका | १२ | २५ | | | | ३७ |
| भूमि सिकाइ केन्द्र र सहभागी | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| कृषि सहकारीको सङ्ख्या र सञ्चालन | ६ (२०००) | ६ (२०००) | ६ (२०००) | ६ (२०००) | ६ (२०००) | ३० (१००००) |
| सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यास गर्ने गाविस सङ्ख्या | १२ | २१ | ३० | ३० | ३० | ३० |
| कृषि उद्यममा संलग्न परिवार | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| अधिकारका लागि निवेदन पेश गरेको सङ्ख्या | १६००० | ४००० | ४००० | ४००० | ४००० | ३२००० |
| दिगो खेतीपातीका माध्यमले कृषि उत्पादन बढाउने परिवार सङ्ख्या | २००० | २००० | २००० | २००० | २००० | १०००० |

## क्रियाकलाप

- परिवेश नक्साङ्कन, वेसलाइन तथा अडान पत्र निर्माण
- क्षमता अभिवृद्धि र नेतृत्व विकास (तालिम, कार्यशाला, बैठक, अध्ययन भ्रमण, शिविर तथा अभिमुखीकरण)
- गाविस, जिल्ला प्रशासन कार्यालय, जिल्ला भूमि सुधार कार्यालय, मालपोत कार्यालय, अदालत आदिमा मुद्दा तथा निवेदन दर्ता
- भूमि अधिकार मञ्चहरूको संस्थागत विकास (नीति निर्माण, सदस्यता वितरण, आचारसंहिता कार्यान्वयन, आन्दोलन कोष, रणनीतिपत्र, सदस्य परिचालन तथा व्यवस्थापन)
- सवालगत अभियानहरू, परिचालन/जनप्रर्दशन (भूमि तथा कृषि अधिकार अभियान, संविधानमा भूमि अधिकार अभियान)
- कृषि सहकारी एवम् कृषिमा आधारित कार्यक्रमलाई सहयोग
- सामुदायिक भूमि सुधार अभ्यासको कार्यान्वयन
- अनुगमन तथा मूल्याङ्कन, समीक्षा र सामाजिक लेखाजोखा
- प्रमुख सरोकारवालाहरूसँगको भेटघाट, छलफल तथा संवाद
- जनशक्ति परिचालन (पूर्णकालीन कार्यकर्ता, कार्यालय सचिव)
- गाउँ भूमि अधिकार मञ्चहरूको गठन तथा परिचालन

**नतिजा २ : भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रले भूमि र कृषि सुधार नीति तथा कानुनहरूको तर्जुमा एवम् कार्यान्वयन प्रक्रियामा रचनात्मक भूमिका निर्वाह गर्नेछन् ।**

| सूचक | लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | जम्मा |
| प्रकाशित अडानपत्रको सङ्ख्या | ३ | २ | २ | २ | २ | ११ |
| नीति निर्माताहरूसँग गरिएको संवाद र अन्तर्क्रियाको सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| मेडिया कभरेज सङ्ख्या | १० | १० | १० | १० | १० | ५० |
| सार्वजनिक सरोकारित निवेदन सङ्ख्या | १ | | | १ | | २ |

## क्रियाकलाप

- नीति विश्लेषण, नीति सार र अडानपत्रहरू प्रकाशन
- नियमित रचनात्मक संवाद तथा वकालत
- भूमिहीन तथा मोही किसानसँग सम्बन्धित मुद्दाहरू अदालतमा दर्ता ।
- नयाँ संविधानमा भूमि मुद्दाहरू सम्बन्धमा तयार गरिएका अडानपत्रहरू प्रकाशन तथा वितरण ।
- नीति निर्माताहरूसँग नियमितरूपमा रचनात्मक छलफल एवम् संवाद आयोजना ।
- सम्बन्धित अदालतमा जनसरोकारित निवेदन पेश
- सञ्चार वकालत
- वैकल्पिक नीति निर्माण तथा कार्यान्वयनमा सहयोग ।

**नतिजा ३ : भूमिमा महिला स्वामित्व बढेको हुनेछ ।**

| सूचक | लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | जम्मा |
| संयुक्त पुर्जासम्बन्धी सचेतीकरण गरिएको परिवार | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| संयुक्त अभियान सञ्चालन हुने जिल्ला | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ |
| नीति निर्माताहरूसँग गरिएको संवाद र अन्तर्क्रियाको सङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ११० |
| सहकार्य गरिएको निकाय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| संयुक्त पुर्जा निर्माण गर्ने परिवार सङ्ख्या | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |

## क्रियाकलाप

- विभिन्न तालिम, कार्यशाला, अभिमुखीकरण एवम् अन्तर्क्रिया आदिका माध्यमले संयुक्त पुर्जा अभियान सञ्चालन गर्ने ।
- संयुक्त पुर्जा अभियानलाई सहयोग गर्ने ।
- सञ्चारजगत परिचालन ।

**नतिजा ४ : आत्मनिर्भर केन्द्रको संस्थागत प्रणाली, संरचना एवम् मानव संसाधनलाई सवल बनाई प्रभावकारीतवरले परिचालन गरिएको हुनेछ ।**

| सूचक | लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| क्रियाशील क्षेत्रीय स्रोत केन्द्र | १ | २ | २ | २ | २ | २ |
| अध्ययन एवम् नीति सार प्रकाशित सङ्ख्या | ३ | १ | १ | १ | १ | ७ |
| सामाजिक लेखाजोखा सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| साधारण सभा र कार्यसमिति बैठक | ११९४० | ११९४० | ११९४० | ११९४० | ११९४० | ५९२०० |
| साधारण सदस्य सङ्ख्या | ३५ | ४० | ५४ | ५० | ५० | ५० |
| परिचालित कर्मचारी सङ्ख्या | १०० | १४० | १४० | १४० | १४० | १४० |
| सहभागीमूलक समीक्षा सञ्चालित संख्या | ७६ | ७६ | ७६ | ७६ | ७६ | ३८० |
| सम्पन्न साझेदारी बैठक सङ्ख्या | २ | २ | २ | २ | २ | १० |
| अध्ययन/अनुसन्धान र प्रकाशित प्रतिवेदन सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहका भूमि, प्राज्ञिक एवम् अनुसन्धानमूलक संस्थाहरूसँगको सम्बन्ध र सहकार्यको सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| संस्थागत नीति, पद्दती, आचारसंहिता, मूल्य मान्यताको समीक्षा, सुधार र पालना सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |

## क्रियाकलाप

### अनुसन्धान र प्रशारण

- संस्थागत विकास (सदस्यता, सुशासन नीति समीक्षा तथा परिमार्जन, जवाफदेहिता, स्रोत निर्माण, साधारण सभा, रिट्रिट आदि ।)

अनुगमन, मूल्याङ्कन, समीक्षा

- सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धि (तालिम, अध्ययन भ्रमण, अभिमुखीकरण)
- वकालत सामग्री, सिकाइ तथा प्रभाव, अनुसन्धान प्रतिवेदन एवम् भूमि अधिकारसम्बन्धी पत्रपत्रिका प्रकाशन ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्तिगत तथा संस्थागत गठबन्धन निर्माण तथा समन्वय गर्ने ।
- क्षेत्रीय स्रोत केन्द्र स्थापना ।
- साझेदारी, कार्यकारी समिति तथा व्यवस्थापन समितिको नियमित बैठक ।
- सबै तहमा पत्ता लगाइएका मुद्दाको वकालत ।
- बैठक (साझेदारी, कार्यसमिति, व्यवस्थापन समूह, कर्मचारी ।

# ६.२ अनुगमन तथा मूल्याङ्कन प्रणाली

आत्मनिर्भर केन्द्रले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सङ्गठनात्मक कार्यको अभिन्न अङ्गका रूपमा संस्थागत गरेको छ । जसको निरन्तरता आगामी दिनहरूमा पनि हुनेछ । साथै नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई जोड दिइनेछ जसले सम्पूर्ण रणनीतिक अवधिको प्रारूप संलग्न गर्दै हाल आत्मनिर्भर केन्द्रले अभ्यास गरिरहेको ढाँचामा आवश्यक परिमार्जन एवम् संशोधनसमेत गर्ने कार्य गर्छ । अनुगमन प्रणालीले सिकाइ तथा राम्रा अभ्यासको निष्कर्ष निकाल्ने, जोखिम तथा चुनौती पत्ता लगाउने र समुदायस्तरबाट सुझावहरू सङ्कलन गर्दै लक्ष्य तथा सूचकहरूमाथि प्राप्त उपलब्धिहरूको मूल्याङ्कन गर्ने कार्यमा जोड दिन्छ । अनुगमन ढाँचामा स्पष्टरूपले परिभाषित नतिजा एवम् प्रभाव तहका सूचकहरूसमेत समावेश गरिनेछ ।

कार्यक्रम योजना तथा सञ्चालनका लागि गरिने सहभागितामूलक प्रणालीलाई सबै चरणमा सुदृढ बनाइनेछ भने लक्षित समूह तथा अन्य सरोकारवाला समूहहरूको सक्रिय सहभागितालाई पनि सुनिश्चित गरिनेछ ।

नियमितरूपमा कार्यकारी समितिबाट भइरहने मूल्याङ्कनलाई निरन्तरता दिइनेछ भने अर्धवार्षिकरूपमा गरिने सहभागितामूलक समीक्षा तथा सिकाइ प्रक्रियाको निरन्तरता रहनेछ । यसलाई राष्ट्रिय भूमि अधिकार मञ्चमार्फत राष्ट्रिय तथा जिल्ला तहमा समेत लागु गरिनेछ । यस्ता समीक्षा तथा सिकाइ प्रक्रियाहरूको मुख्य उद्देश्य भूमि अधिकार आन्दोलनका उपलब्धि तथा सुझावहरू आदान-प्रदान गर्ने एवम् सिकाइ हांसिल गर्नु रहेको छ । यसको प्रमुख दृष्टिकोण सञ्चालन भइरहेका कार्यमा सुधार गर्न आवश्यक सुझाव सङ्कलन तथा पारदर्शिता एवम् सिकाइहरू अभिवृद्धि गर्नु रहेको छ । अन्तिम लक्ष्य राम्रा वा नराम्रा के/कस्ता कार्य हुन् भन्ने कुराको विश्लेषणमा भूमि अधिकारबाट बञ्चितका साथै विभिन्न साझेदार संस्था, दाता एवम् अन्य सहयात्री संस्थासमेतको संलग्नता गराउनु हो । यो अभ्यासले सञ्चालित कार्यक्रमहरूका सवल एवम् कमजोर पक्षहरू उजागर गर्नुका साथै कर्मचारीलाई उनीहरूको काम तथा क्षमतामाथि चिन्तन मनन गर्ने क्षमता प्रदान गर्छ । सहभागितामूलक समीक्षा तथा सिकाइ प्रक्रियालाई आत्मनिर्भर केन्द्रको सिकाइ तथा योजना ढाँचामा समाहित गरिएको छ ।

सङ्गठनात्मक स्रोत साधनको प्रभावकारी एवम् उचित प्रयोग भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्न आत्मनिर्भर केन्द्रले आफ्नो सामाजिक तथा सार्वजनिक लेखाजोखा प्रणाली, आवधिकरूपमा बाह्य लेखापरीक्षण तथा मूल्याङ्कनका साथै बाह्य मूल्याङ्कनकर्ता एवम् आत्मनिर्भर केन्द्रका रणनीतिक साझेदारका प्रतिनिधि सम्मिलित संयुक्त वार्षिक समीक्षा जस्ता कार्यलाई निरन्तरता दिनेछ। यसैगरी प्रत्येक तीन वर्षमा समग्र मूल्याङ्कन कार्य गरिनेछ। सहभागितामूलक प्रक्रियाद्वारा प्रत्येक वर्षमा गरिने आन्तरिक तथा बाह्य समीक्षा एवम् मूल्याङ्कनले प्राप्त निष्कर्ष तथा सुझावका आधारमा सङ्गठनात्मक सुधार योजनासहित नीति संशोधनबारे जानकारी प्रदान गर्नेछ।



# अनुसूची : १

## सरोकारवालाहरूको अपेक्षित भूमिकाको विश्लेषण एवम् वर्तमान स्थिति

### राष्ट्रिय भूमि अधिकार मञ्च

| अपेक्षित भूमिका | वर्तमान स्थिति |
|---|---|
| परिवेश नक्साङ्कन, नियमित विश्लेषण तथा सुझावलगायत विभिन्न क्रियाकलापका माध्यमले ज्ञान निर्माण तथा ताजगीकरण गर्ने । | आधारभूत सूचना तथा समयसापेक्ष तथ्याङ्क तुलनात्मकरूपमा कमजोर रहे तापनि स्थानीय तहमा सक्रिय जिल्ला, गाउँ तथा समुदायस्तरका मञ्चले यो कार्यलाई निरन्तर अगाडि बढाइरहेका छन् । |
| हकवालाहरूलाई लोकतान्त्रिक पद्धतिमार्फत सङ्गठित एवम् शिक्षित गर्दै परिचालन गर्ने । | सहजीकरण क्षमता राम्रो भएका स्थानीय अगुवा नेता तथा कार्यकर्ताद्वारा सहजीकरण कार्य नियमितरूपमा भइरहेको छ भने आधारभूत कानुन तथा प्रशासन प्रक्रिया, सञ्जाल तथा गठबन्धन निर्माणसम्बन्धी क्षमता, संवाद, वकालत र प्रतिवेदन तयार गर्ने एवम् अभिलेखीकरण गर्नेजस्ता कुराको क्षमतामा सुधार आवश्यक छ । |
| राष्ट्रिय भूमि अधिकार मञ्चलाई राष्ट्रिय तथा क्षेत्रीय तहमा भूमि अधिकार आन्दोलनको एउटा प्रमुख अगुवाका रूपमा स्थापित गर्ने । | भौगोलिक क्षेत्र समेट्ने सन्दर्भमा राष्ट्रिय भूमि अधिकार मञ्चले राम्रो प्रगति गरेको छ । क्षेत्रीय तहमा स्थानीय संरचनाहरूको क्षमतामा उल्लेखनीय भिन्नता पाइए तापनि राष्ट्रिय तथा क्षेत्रीय तहको समन्वय गर्ने कार्य प्रमुख रहेको छ । साथै स्थानीय तथा जिल्ला तहमा अन्य सरोकारवालासँगको समन्वय पनि कमजोर छ । |

| | |
|---|---|
| राष्ट्रिय तहका अभियान तथा विशिष्ट मुद्दामा आधारित भई स्थानीय तहका अभियान निर्माण तथा सञ्चालन। | क्षमतालाई सामान्यतया राम्रो मानिए तापनि ठोस तथा परिणाममुखी दिगो आन्दोलन र जीविकोपार्जन समस्याले स्थिरतामा कठिनाइ। |
| स्थानीय स्रोत साधनको खोजी, उपार्जन र परिचालन। | सही बाटो लिइरहेका भए तापनि जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरूले बढीभन्दा बढी स्थानीय स्रोत साधनको खोजी, उपार्जन र उपयोग गर्नु जरुरी छ। |
| राजनीतिक दल, नीति निर्माता एवम् जग्गाधनीहरूसँग सुदृढ सम्बन्ध विस्तार गर्ने। | संवाद एवम् वकालत कार्यमा कुशलता कमीले सम्बन्ध सुदृढ हुनुभन्दा पनि प्रतिक्रियामुखी छ। |
| अनुगमन तथा नतिजा एवम् उपलब्धिहरूको समीक्षा। | सामान्यतया स्रोतको कमीले गर्दा स्थानीय वा समुदायस्तरको अनुगमन कार्य अपूर्ण मानिएको छ। तापनि वार्षिक योजनासँगै विभिन्न तहमा रणनीतिक क्रियाकलापका रूपमा आवधिक समीक्षा सञ्चालन भइरहेको छ। |

## आत्मनिर्भर केन्द्र

| अपेक्षित भूमिका | वर्तमान स्थिति |
|---|---|
| नेपालमा भूमि अधिकार आन्दोलनका लागि नेतृत्वदायी राष्ट्रिय स्रोत संस्थाको जिम्मेवारी बहन गर्ने। | आत्मनिर्भर केन्द्र नेपालमा भूमि अधिकार आन्दोलनको एक प्रमुख राष्ट्रिय स्रोत संस्थाका रूपमा परिचित एवम् मान्यताप्राप्त छ। |
| विभिन्न दाताबाट प्राप्त आर्थिक सहयोगको जवाफदेही परिचालन गर्ने। | आत्मनिर्भर केन्द्र आर्थिक स्रोतहरूको जवाफदेहिताका साथ परिचालन गर्न सक्षम छ। |
| भूमि अधिकार आन्दोलनलाई रणनीतिक सहायता प्रदान गर्ने एवम् यसमा ऐक्यबद्धता जनाउने। | ५ वर्ष अवधिका लागि रणनीतिक एवम् परिचालन योजना तयारी एवम् अनुगमन गरिरहेको छ। |
| भूमि अधिकार आन्दोलनलाई बढावा दिनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा सम्बन्ध, गठबन्धन एवम् सञ्जाल निर्माण गर्ने। | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तहमा यसले उल्लेख्य प्रगति गरिरहेको छ। |
| भूमि तथा कृषिसँग सम्बन्धित वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूको समीक्षा गर्ने। प्रभावकारी नीति वकालतका लागि सहजीकरण गर्ने एवम् गरिबमुखी नीति तथा सुधारको पहल गर्ने। | नीति वकालत भइरहे तापनि भूमि सुधारको सन्दर्भमा उल्लेख्य सफलता भने हालसम्म पनि प्राप्त हुने सकेको छैन। |
| भूमि अधिकार आन्दोलनलाई मानव अधिकार आन्दोलनको मूलधारसँग जोड्ने। | सही मार्ग लिए तापनि मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेख कार्य एवम् प्रमाणमा आधारित वकालतका प्रयोगबीच अझै पनि अन्तर छ। |
| आवश्यकताबमोजिम नीति तर्जुमा तथा लागु गर्ने कार्यमा राज्यलाई सहयोग गर्ने। | यो कार्य सही दिशामा अगाडि बढिरहेको छ। |

| | |
|---|---|
| नतिजा तथा उपलब्धिहरूको समीक्षा तथा अनुगमन। | परिणाममुखी अनुगमन ढाँचाको सुरुवात गरिए तापनि यसलाई मजबुत एवम् संस्थागत गर्न जरुरी छ। आवधिकरूपमा सहभागितामूलक समीक्षा तथा सुझाव एवम् सामाजिक लेखाजोखा भइरहेको छ। |
| **सहयात्री संस्था** | |
| अपेक्षित भूमिका | वर्तमान स्थिति |
| क्षमता विस्तार गरी भूमिहीनहरूलाई नैतिकरूपले सवल बनाउने। | आत्मनिर्भर केन्द्रसँगको साझेदारी सम्झौताबमोजिम यो कार्य प्रभावकारीतवरले सञ्चालन भइरहे तापनि साझेदारी अन्त्यसँगै यसमा उल्लेख्य मात्रामा गिरावट आउने सम्भावना छ। |
| स्थानीय सङ्गठनलाई मजबुत बनाउन प्राविधिक एवम् व्यावसायिक सहयोग प्रदान गर्ने। | यो कार्य साझेदारी सम्झौता वा स्थानीय सङ्गठनहरूले आवश्यक्ता महसुस गरेबमोजिम सञ्चालन भएको छ। केही गैरसरकारी संस्थाले पनि यसलाई आफ्नै पहलमा सञ्चालन गरिरहेका छन्। |
| विभिन्न तहमा भूमिहीनहरूको हितमा कार्य गर्ने विभिन्न व्यक्तिसँग बहस पैरवी गर्ने। | जिल्ला तहमा कार्यरत सरोकारवालाहरूसँग गैरसरकारी संस्थाहरूको सम्बन्ध सुमधुर छ। उनीहरूले स्थानीय तहमा मध्यस्थता गरी समाधान हुने निश्चित मुद्दाको वकालत कार्यमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन्। फलस्वरूप राष्ट्रियस्तरका मुद्दामा तिनीहरू केही मात्रामा भए पनि प्रभाव पार्न सफल भएका छन्। |
| स्थानीय तहमा आन्दोलनको ज्ञान, सिकाइ तथा उपलब्धिको अभिलेख राख्ने। | यो कार्य विशेषगरी तोकिएको ढाँचाअनुसार तयार गरिने आवधिक प्रतिवेदनहरूमा उल्लेख छ। केही गैरसरकारी संस्था नतिजा वा परिणाममा हुने भिन्नता छुट्याउन असमर्थ छन्। साथै उनीहरू सामान्यतया नतिजा विश्लेषण र अभिलेखन गर्ने कार्यमा पनि कमजोर छन्। |
| भूमि अधिकार आन्दोलनका लागि वित्तीय स्रोत परिचालन। | गैरसरकारी संस्थाहरू वित्तीय स्रोत परिचालनका लागि आत्मनिर्भर केन्द्रमा आश्रित छन् भने केही संस्थाले आफैँ पहल गरेका उदाहरण पनि छन्। |

| **अन्तर्राष्ट्रिय गैरसरकारी संस्था** | |
|---|---|
| अपेक्षित भूमिका | वर्तमान स्थिति |
| मानव अधिकार प्रवर्धन, सामाजिक न्याय, गरिबीविरुद्धको सङ्घर्ष एवम् दिगो शान्ति प्राप्त गर्ने आधारभूत माध्यमका रूपमा भूमि अधिकार आन्दोलनलाई बढावा दिने। | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू रणनीतिक साझेदारीमा संलग्न हुँदै आधारभूत मानवाधिकारका रूपमा भूमि अधिकार प्रवर्धन गरिरहेका छन् जुन खासगरी खाद्य अधिकार वा खाद्य सुरक्षाको विषयसँग सम्बन्धित छ। |

| | |
|---|---|
| भूमि अधिकार मुद्दालाई अन्य सामाजिक आन्दोलनसँग सम्मिलित गर्ने। | यो कार्य सञ्चालन भइरहेको छ। यसका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आत्मनिर्भर केन्द्रसँग बढी निर्भर छन्। |
| नेपालमा एक गरिबमुखी दिगो भूमि सुधार ढाँचा निर्माण गर्नका लागि सहयोग विस्तार गर्ने। | भूमि सुधारको उपयुक्त ढाँचा निर्माण गर्नका लागि यिनीहरू आत्मनिर्भर केन्द्रसँगसमेत सहयोग बढाइरहेका छन्। |
| भूमि अधिकार आन्दोलनका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्राविधिक एवम् वित्तीय कार्यमा सहयोग विस्तार गर्ने। | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले विभिन्न क्षेत्रमा आर्थिक सहयोग प्रदान गर्दै आइरहेका छन् भने प्राविधिक सहयोगचाहिँ आफ्ना परियोजना तथा कार्यक्रम लागु भएका क्षेत्रहरूले मात्र प्राप्त गरिरहेका छन्। यद्यपि सहकार्य तथा संयुक्त प्रयास ठूलो सम्भावना भएका कार्यक्रममा मात्र सीमित छन्। |

## द्विपक्षीय विकास निकाय

| अपेक्षित भूमिका | वर्तमान स्थिति |
|---|---|
| भूमि अधिकारको मुद्दालाई भूमिहीनहरूको सम्मानजनक जीवनयापनको अधिकार प्रवर्धन तथा सुरक्षा गर्ने एउटा प्रभावकारी साधनका रूपमा प्रवर्धन गर्ने। | यो खासगरी रणनीतिक साझेदारीका द्विपक्षीय निकायबीच सीमित छ। तर पनि खाद्य सुरक्षाको विषयमा कार्य गर्ने अन्य निकायसँग मिलेर यो कार्य गर्ने सम्भावना भने छ। |
| स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भूमि अधिकार आन्दोलनलाई नैतिक, प्राविधिक तथा वित्तीय सहायता प्रदान गर्ने। | यो विशेषगरी रणनीतिक साझेदारीभित्र द्विपक्षीय निकायबीच सीमित रहन्छ। |
| सामाजिक परिवर्तनको एक साधनका रूपमा भूमि सुधारको महत्व वकालत गर्ने। | यो विशेषगरी रणनीतिक साझेदारीभित्र द्विपक्षीय निकायबीच सीमित रहन्छ। |
| नेपाल सरकार र यहाँका राजनीतिक दललाई नेपालमा गरिबमुखी भूमि सुधारका लागि प्रोत्साहन गर्ने। | यो विशेषगरी रणनीतिक साझेदारीभित्र द्विपक्षीय निकायबीच सीमित रहन्छ। |

## सरकार र राजनीतिक दल

| अपेक्षित भूमिका | वर्तमान स्थिति |
|---|---|
| अधिकार तथा मानवीय अस्तित्वसँग जोडिएको भूमिलाई भूमिहीनहरूको मौलिक अधिकारका रूपमा सुनिश्चित गर्ने। | भूमिलाई भूमिहीनहरूको मौलिक अधिकारका रूपमा लिइए तापनि नीति तथा कार्यान्वयन पक्षबीच निकै भिन्नता छ। |
| भूमिमा द्वैध स्वामित्व अन्त्य एवम् मोहियानी हकको सुरक्षा गर्ने प्रावधानसहितको गरिबमुखी भूमि सुधार नीति तर्जुमा गरी लागु गर्ने। | यो कार्य विचाराधीन छ तापनि राजनीतिक प्रतिबद्धता एवम् पहलमा कमीका कारण लागु हुन निकै लामो समय लागिरहेको छ। |
| कृषि उत्पादनमा सुधार ल्याउन तथा खेतीयोग्य जमिनको सुरक्षा गर्न उपयुक्त नीति तथा कानुनी आधार पहिचान गरी लागु गर्ने। | पहिचान कार्य सही दिशामा अगाडि बढिरहेको भए तापनि यसको कार्यान्वयन पक्ष भने एकदम कमजोर छ। |


| | |
|---|---|
| भूमिहीन तथा सीमान्त किसानको पक्षमा भू-उपयोग नीतिको कार्यान्वयन तथा भूमि नीति तर्जुमा एवम् कार्यान्वयन हुने कुरा सुनिश्चित गर्ने । | तर्जुमा कार्य सही दिशातर्फ अगाडि बढेको र बढिरहेको भए तापनि यसको कार्यान्वयन पक्ष भने कमजोर छ । |
| भूमिसम्बन्धी निर्णय प्रक्रियामा संलग्न गराउँदै भूमिहीनहरूका सङ्गठन तथा नागरिक समाजका सदस्यहरूसँग रचनात्मक सम्बन्ध निर्माण गर्ने । | भूमि अधिकार आन्दोलनमा यो कार्यले उचाइ प्राप्त गरेको छ । |
| भूमिहीन तथा सीमान्त किसानलाई प्रदान गरिने सेवामा प्रभावकारिता ल्याउन भूमि प्रशासन प्रणालीमा सुधार गर्ने । | अझसम्म पनि भूमि प्रशासन प्रणालीमा उल्लेखनीय सुधार गर्न सकिएको छैन । जिल्लास्थित कार्यालयहरू सामान्यतया आफूलाई लागेको आरोप केन्द्रतिर पन्छाउँछन् भने उनीहरू लामो समयदेखि सम्बोधन हुन नसकेका भूमिसम्बन्धी मुद्दा द्रुत गतिमा अगाडि बढाउन प्राविधिक तथा आर्थिक स्रोत कमी भएको बताउँछन् । जबकि केन्द्रीय तहका कर्मचारीहरू यसमा राजनीतिक निर्णय तथा उपयुक्त नीतिको अभाव छ भन्छन् । |
| भूमिसम्बन्धी सवालहरूमा राजनीतिक दलका चुनावी घोषणापत्रहरूमा भएका सहमति तथा प्रतिबद्धताहरूको कार्यान्वयन । | यो प्रायःजसो भाषणमा मात्र केन्द्रित एवम् आन्दोलनकारी हकवालालाई शान्त पार्न गरिएको छोटो समयको चालबाजीका रूपमा मात्र सीमित रहेको । |
| भूमिहीन तथा सीमान्त किसानहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै भूमि सुधार लागु गर्ने कार्यकारी अधिकारसहितको एक उच्चस्तरीय भूमि आयोग गठन । | छलफलको विषय बनेको तर वर्तमान राजनीतिक परिस्थितिमा प्राथमिकता नपाएको । |

## सञ्चारजगत

| अपेक्षित भूमिका | वर्तमान स्थिति |
|---|---|
| भूमिहीन तथा सीमान्त किसानउपर गरिने मानव अधिकार उल्लङ्घनका घटना, जस्तै- बेदखली, मोहियानी हक एवम् श्रमवापतको उचित पारिश्रमिकबाट वञ्चित जस्ता पक्ष उजागर गर्नु । | यो छिटफुट मात्रामा छ । भूमि अधिकार आन्दोलन र सञ्चार माध्यमबीच रणनीतिक गठबन्धन एवम् समन्वय कमी । |
| भूमि अधिकारका महत्वपूर्ण सवाल खासगरी सुरक्षित मोहियानी हक तथा गरिबमुखी भूमि सुधारको अधिकार सम्बन्धमा सर्वसाधारणको विचार सङ्कलन गर्ने । | सञ्चार माध्यमले यसलाई त्यति महत्व दिएका छैनन् । |
| भूमि अधिकारको रक्षा तथा प्रवर्धन गर्ने व्यक्तिहरूलाई जवाफदेही बनाउने । | सञ्चार माध्यमहरूको सूचना तथा राजनीतिक एवम् राष्ट्रिय नेतृत्वसँग सहज प्रकारको पहुँच छ । उनीहरूको कर्तव्य भनेको सकेसम्म सही समाचार खोजबिन, मुद्रण र प्रशारण भए तापनि भूमि अधिकारका सवाल उनीहरूको प्राथमिकताभित्र पर्न सकेका छैनन् । तर पनि केही विशिष्ट घटनाको उठान एवम् प्रचारप्रसार भने भएका छन् । |

# अनुसूची : २

## भूमि तथा कृषि अधिकार अभियान सञ्चालन भएको जिल्ला






## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)

पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org

www.csrcnepal.org